# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

नेपाली वृहत शव्दकोश अनुसार कुनै विषयमा एक्लै वा सामूहिक रुपमा गरिने निधोलाई निर्णय भनि परिभाषित गरेको पाईन्छ । यसै परिभाषालाई आधार मान्ने हो भने कुनै पनि कार्य गर्ने वा नगर्ने भन्ने सम्बन्धमा गरिएको निधो नै निर्णय हो । अर्को शब्दमा, कुनै कार्य सम्पादन सम्बन्धमा सम्भाव्य विकल्पहरुमध्ये उपयुक्त देखिएको विकल्पको छनोटलाई नै निर्णय भनिन्छ । यस प्रकारका निर्णय गर्ने प्रक्रियाहरु सुक्ष्म सामाजिक संस्था देखि बृहत सामाजिक संस्था सम्म पाउन सकिन्छ ।

घरपरिवार भन्नाले सामाजिक संगठनको स्वरुपलाई बुझाउँछ, जुन हरेक समाजहरुमा पाउन सकिन्छ । Brydon and Chant (1989) का अनुसार लैङ्गिक सम्वन्धलाई घरपरिवारले प्रारम्भिक रुपमा नै संरचित गर्ने गर्दछ र महिलाहरुले त्यसलाई अनुभव गरिरहेका हुन्छन् । घरमा हुने विभिन्न कारोवारहरु जस्तै, वस्तुभाउ व्यवस्थापन, कृषि कार्य, वालवच्चाको संख्या निर्धारण, रेखदेख, पठनपाठन, घरमा आवश्यक सामान किनवेच, सरसापट आदिमा कसले के गर्ने ? कसको नेतृत्व हुने ? भन्ने कुरा समाजको सामाजिक मुल्यमान्यता वा चालचलनहरुले निर्धारण गरेको हुन्छ । नेपाली समाजमा पनि घरभित्रका विभिन्न कार्यहरुको निर्णय गर्ने कुरामा पुरुष र महिलाको क्षेत्र फरक–फरक रहेको पाईन्छ । तर पितृसत्तात्मक समाजमा भने घरपरिवार भित्रको निर्णय गर्ने प्रक्रियामा महिलाको भन्दा पुरुषको हैसियत हरेक क्षेत्रमा उच्च रहेको हुन्छ (Bhasin, 1993) । नेपाली समाज पनि पितृसत्तात्मक भएको हुँदा घरभित्रका विभिन्न कार्यहरुको निर्णय गर्ने कुरामा पुरुषको हैसियत उच्च रहेको हुन सक्छ र छ पनि ।

हरेक जातजातिको आ–आफ्नै सामाजिक मुल्य मान्यता रहेको हुन्छ र सो मुल्य मान्यता अनुसार घरपरिवारभित्रको निर्णय गर्ने प्रक्रिया पनि फरक–फरक हुन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने, उच्च जातिका बाहुन क्षेत्रीहरु भन्दा जनजातिमा निर्णय प्रक्रियामा

महिलाहरुको उच्च स्थान रहेको पाइन्छ (Ghimire, 1977)। यसै गरी निर्णय गर्ने प्रक्रियामा निम्न भनिने जाति जस्तै सार्कीमा उच्च जातिका बाहुन क्षेत्रीहरु र जनजातिको भन्दा फरकफरक रहेको हुनसक्छ । त्यसैले यस अनुसन्धानमा नेपालको पश्चिमी पहाडी क्षेत्रमा अबस्थित घैयार गाउँमा बस्ने सार्की जातिका महिलाहरुको घरायासी कामकाजमा गरिने निर्णयमा तिनीहरुको स्थिती तथा भूमिकालाई अध्ययन गर्न खोजिएको छ । यसैगरी उक्त जातिका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थावारे बुझ्दै छोरी, वुहारी र सासु जस्तो भिन्न-भिन्न पदमा रहेका महिलाहरुको घरपरिवारभित्रका निर्णयमा कस्तो स्थिति छ, पुरुष र महिलाले कुन–कुन क्षेत्रमा निर्णय गर्दछन भन्ने कुरा अध्ययनको मुख्य विषयवस्तु रहेको छ ।

## १.२ अध्ययन समस्याको कथन

सामाजिक संगठन समाजशास्त्रीहरुको लागि महत्वपूर्ण विषयवस्तु हो (Fricke-1986, Brydon and Chant-1989) । घरपरिवारभित्र विभिन्न प्रकारको सामाजिक सम्वन्ध र सामाजिक कियाकलापहरु रहेका हुन्छन् । तिनै क्रियाकलाप र सामाजिक सम्वन्धहरुलाई समाजशास्त्रीय/मानवशास्त्रीय दृष्टिकोणवाट हेर्ने प्रयास गरिएको छ । घरपरिवारभित्र गरिने क्रियाकलापहरुमा निर्णयप्रक्रिया पनि फरक-फरक प्रकारको हुन्छ । यसलाई समाजको मूल्यमान्यताले पनि निर्धारण गर्दछ भने जातजाति, धर्म, लिङग, वर्ग र धर्म अनुसार पनि फरक–फरक हुन्छ । अझै भन्ने हो भने एउटै जातजातिभित्र पनि महिला र पुरुष र महिला र महिलावीच पनि निर्वाह गरिने भूमिका र निर्णय प्रक्रिया फरक-फरक हुन्छ (Benett, 1983)। वेनेटले नेपालमा उच्च जातिमा गरेको अध्ययनमा पनि घरभित्रको सामाजिक पद र तह अनुसार महिलाहरुको भुमिका फरक फरक रहेको देखाएकी छन् । यसैलाई आधार मान्दै, घैयार गाँउका निम्न जाति मानिएका सार्की जातिका महिलाहरुको घरभित्र निर्णय गर्ने क्षेत्र र महिला र पुरुष, महिला र महिलाको पनि भूमिका र निर्णय प्रकियामा उनीहरुको सहभागिता पनि फरक छ वा छैन भन्ने कुरालाई अध्ययन गर्नु आवश्यक छ । यसरी एउटै परिवारभित्र पनि सासु, वुहारी र छोरीहरुको बीचमा निर्णय गर्ने प्रक्रियामा सहभागिता फरक फरक हुन्छ वा हुदैन भन्ने विषयवस्तुलाई समाजशास्त्रीय दृष्टिवाट सुक्ष्म रुपमा अध्ययन गर्न नितान्त जरुरी रहेको छ ।

नेपालमा निर्णय गर्ने प्रक्रियाका वारेमा विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुले अध्ययन गरेको पाईन्छ ।  हालसम्म महिला सम्वन्धि गरिएका विभिन्न अध्यनहरुले पनि निर्णय प्रक्रियामा महिलाको सहभागिता एवं पहुँच नपूगेर नै महिलाहरु पुरुषको दाँजोमा पुग्न नसकेको पुष्टि गरेको छ (Acharya, 1983)। यसरी केही लेखकहरुले महिलाहरुको निर्णय पक्रियामा हुने सहभागितालाई पैरवी गरेको देखिन्छ यद्यपि घरभित्रका आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रहरुमा गरिने निर्णय जस्तै वस्तुभाउ व्यवस्थापन, कृषि कार्य, वालवच्चाको संख्या निर्धारण, रेखदेख, पठनपाठन, घरमा आवश्यक सामान किनवेच, सरसापट, अन्न वा वस्तुभाउको बिकीवितरण आदिमा कसले के गर्ने ? कसको नेतृत्वमा हुने ? चाडपर्व विवाह भोज जस्ता विभिन्न संस्कारहरुमा कसको सहभागिता रहने ? जस्ता कुराहरु पनि हरेक समाजमा फरक फरक हुन्छन् । जुन सार्की समुदायमा फरक फरक हुनसक्ने भएकाले यसलाई केलाउने प्रयास यो अनुसन्धानमा गरिएको छ ।

घरगृहस्थी चलाउने सन्दर्भमा पुरुषको तुलनामा महिलाहरु वढी समय काममा खट्ने गर्दछन् तर त्यसको प्रतिफल स्वरुप आर्थिक नगद आय उनीहरुको नियन्त्रणमा हुदैन र आर्थिक परिचालन गराउने कुरामा पनि उनीहरुको निर्णय एकदमै कम छ (Acharya and Bennett - 1983, Agrawal-1994)। घरपरिवार सञ्चालनको प्रक्रियाको निर्णयमा पनि पुरुषको नै वोलवाला रहन्छ । खेतजग्गा किन्ने, वस्तुभाउ किनवेच गर्ने, वन्दव्यापारमा लगानी गर्ने जस्ता अनेकौं क्रियाकलापमा पुरुषको निर्णय सर्वोपरि रहन्छ जवकि यस्ता कार्यमा महिलाहरुको सहभागिता वढी हन्छ (Acharya and  Bennett, 1983)। २०६८ को जनगणना अनुसार घर,जग्गा अथबा घर-जग्गा दुबैमा महिलाको स्वामित्व १९.७१ % छ । त्यसै गरी अचल सम्पत्तिमा महिलाको स्वामित्व शहरी क्षेत्रमा २६.७७ र ग्रामीण क्षेत्रमा १८.०२ % देखिएको छ, जुन अत्यन्त विभेदपूर्ण र असमान छ। नेपालमा ५४ % महिलाहरु घरायासी आय आर्जनमा संलग्न छन् भने ४० प्रतिशत पुरुषहरु संलग्न छन् । त्यस्तै गरी छोरीहरु घरायासी काममा ४ प्रतिशत संलग्न छन् भने छोराहरु २ प्रतिशत् संलग्न छन् । महिलाहरु १०.७३ घण्टा प्रतिदिन काम गर्दछन् भने पुरुषहरु ७ घण्टा मात्रै काम गर्दछन् (Acharya and  Bennett, 1983) । रातदिन घरायासी काममै व्यस्त रहने महिलाहरुको घरायासी निर्णय प्रक्रियामा के कस्तो स्थान रहेको छ त्यसलाई समाजशास्त्रीय दृष्टिकोणवाट अध्ययन गर्न खोजिएको छ । त्यस्तै गरी ठुला वस्तुहरु व्यापार, लगानी, वेचविखन, छोराछोरीको पढाई विभिन्न वैठकहरुमा सहभागी हुने कुरामा पुरुष या महिला को सहभागि

हुन्छन् ? त्यस्तै  कृषि कार्य खेतमा कति मल राख्ने? कुन मौसममा के लगाउने? कहिले थन्काउने आदि, घरभित्रको कार्य जस्तै के तरकारी पकाउने ? घर सफा कसरी राख्ने, कसले राख्ने आदि जस्ता कुरामा को सहभागी हुन्छन् ? महिलाहरु नगदको कारोवारमा सहभागि हुन्छन् वा हुदैनन् भन्ने कुरालाई यस अध्ययनमा सुक्ष्म रुपमा बिश्लेषण गर्ने प्रयास गरिएको छ ।

आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक सम्पुर्ण क्षेत्रहरुमा पुरुषको हैसियत महिलाको भन्दा उच्च रहेको छ (सुवेदी, २०४८) । निति निर्माणको ठाउँमा पनि महिलाको सहभागीता न्युन रहेकोले गर्दा निर्णय प्रक्रियामा महिलाहरु पछाडी परेका छन् । प्राचीन कालदेखि नै सामाजिक मुल्य मान्यताहरुले नै महिलालाई दोस्रो दर्जाको रुपमा हेर्ने गरेको पाइन्छ । आइमाइ मान्छे भएर अघि बोल्नुहुदैन, पुरुषले गरेको कुरा काट्हुँदैन, पोथी वास्नु राम्रो होइन भन्ने परम्परागत धारणा साथै त्यस्तै किसिमको सामाजिक परिवेशको कारणले निर्णय गर्ने कुरामा स्वयम् महिलाहरु अग्रसर हुन चाहँदैनन् (पौडेल, २०६७) । भानुभक्त आचार्य  ले आफ्नो कृति वधुशिक्षामा उल्लेख गरेको निम्न पंक्तिवाट पनि महिलाको तत्कालीन स्थिति कस्तो थियो भन्ने थाहा पाउन सकिन्छ -:

हाँस्नुहुँदैन कदापी नारीहरुले वेश्या हुन्या हाँस्दछन्
वेश्या लौ नहुनन् तथापी घरको काम त्यो सवै नास्दछन् ( आचार्य,१९१९)।

नेपाली समाजमा महिला र पुरुषको विभेदको कुरा निकै उठ्छ । यहि विभेदले गर्दा नेपाली महिलाहरुको विकासमा अवरोध आएको  दावी पनि गरिन्छ तर महिलाभित्र पनि जात वर्ग क्षेत्रका आधारमा अर्को तहको विभेद छ । सवै ठाउँको समाज एकै किसिमको नहुने हुँदा समाज र संस्कृति अनुसार महिलाको स्थिति र महिलाको निर्णायक भुमिकामा पहुँच पनि फरक फरक हुन्छ । तामाङ, मगर, राई शेर्पा जातिको निर्णय लिने कुरामा हिन्दु मानिने व्राम्हण क्षेत्री समुदायका महिलाहरुको  तुलनामा वढी पहुँच पुगेको देखिन्छ ( घिमिरे,१९७७) । तर आम नेपाली महिलाको स्थितिभित्र दलित महिलाको स्थिति समेटिन्छ नै भन्न सकिँदैन । यीनै दलित महिलाहरुभित्र पनि विभिन्न भूमिका निर्वाह गर्ने छोरी, वुहारी र सासुको स्थिति एउटै घरपरिवारमा पनि भिन्न भिन्न रहन्छ । यसर्थ घरायासी निर्णय प्रक्रियामा दलित अन्तर्गत पर्ने सार्की जातिका छोरी, वुहारी र सासु भिन्न भिन्न पदमा

आसिन महिलाहरुको के कस्तो स्थिति तथा भूमिका रहन्छ भन्ने अनुसन्धान समस्यासँग सम्वन्धित भएर यो शोधपत्र तयार गरिएकोछ । यस शोधपत्रमा मुख्यत निम्न अनुसन्धान बिषयहरुको उठान गरिएकोछ :-

- घैयार गाँउका सार्की समुदायमा के कस्ता सामाजिक मुल्य–मान्यताहरु रहेका छन् ?
- घरभित्र र बाहिरका कुन क्षेत्रमा महिलाहरुको र कुन क्षेत्रमा पुरुषहरुको सहभागीता छ ?
- सार्की जातिका छोरी, वुहारी र सासु भिन्न भिन्न पदमा आसिन महिलाहरुको के कस्तो स्थिति तथा भूमिका रहेको छ ?
- सार्की जातिका छोरी, वुहारी र सासुको फरक-फरक स्थिति तथा भूमिका पछाडी के कस्ता सामाजिक मुल्य–मान्यताहरु रहेका छन् ?

## १.३ उद्देश्य

यस अध्ययनले सार्की महिलाहरुको घरायासी निर्णय प्रक्रियामा रहेको स्थान र भूमिकावारे अध्ययन गर्ने मुख्य उद्देश्य राखेको छ भने विशिष्ट उद्देश्यहरु निम्न रहेका छन् :-

- सार्की जातिका महिलाहरुको सामाजिक र आर्थिक अवस्था पत्ता लगाउने ।
- घरायासी निर्णय प्रक्रियामा पुरुष र महिला सहभागीताको स्थिति पत्ता लगाउने ।
- घरायासी निर्णय प्रक्रियामा (सासु, वुहारी र छोरी) रुपमा रहेका सार्की महिलाहरुको स्थिति तथा भूमिका पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

यो एक समाजशास्त्रीय अध्ययन हो । घरलाई मुख्य केन्द्रविन्दु वनाएर लैंगिक दृष्टिकोणवाट अध्ययन गरिएको छ । यस विषयमा अध्ययन गर्नु भनेको खाली महिलाहरुको निर्णय प्रक्रियाको स्थिति सम्वन्धमा तथ्यांक पेश गर्नु मात्र नभएर उक्त तथ्यांक प्राप्त गर्नुको पछाडि के कस्ता जिम्मेवार सामाजिक सांस्कृतिक तत्वहरुले निर्णायक भुमिका खेलिराखेका हुन्छन् वा उक्त तथ्यांक कसरी समाजको सामाजिक सांस्कृतिक आर्थिक आदि

परिवेशसँग सम्वन्धित छ भनेर विश्लेषण गर्नुसँग केन्द्रित रहन्छ । कुनै पनि विषयवस्तु अध्ययन गर्नुको पछाडि त्यस विषयले आँफैमा महत्वपूर्ण स्थान राख्दछ । यस शोधग्रन्थले पनि दलितभित्र पनि सार्की जाति अन्तर्गत पर्ने महिलाहरुको सामाजिक आर्थिक अवस्था पत्ता लगाई उनीहरुको निर्णय प्रक्रियामा के कस्तो सहभागीता छ भन्ने बारेमा खोजमूलक अध्ययन गर्छ । नेपाली समाजमा एउटै जातिभित्र पनि फरक-फरक ठाउँ अनुसार फरक रहनसहन चालचलन हुन सक्ने हुँदा छुट्टाछुट्टै ठाउँको अध्ययन महत्वपूर्ण हुन आउँछ । यस शोधपत्रबाट प्राप्त नतिजावाट भोली यसै विषयमा अध्ययन गर्ने जो कोहि विद्यार्थीको लागि सन्दर्भ सामाग्री बन्न सक्छ  तथा सार्की समुदायको बारेमा जान्न चाहने जो कोही जिज्ञासुहरुलाई उपयोगी हुन सक्छ । त्यस्तै गरी दलित जातिलाई लक्षित गरेर वनाइने निति निर्माणका कार्यहरुको लागि समेत उपयोगी हुनेछ ।


## १.५ सैद्वान्तिक अवधारणा

लैंगिक दृष्टिकोण महिला र पुरुषवीचको सम्वन्धलाई ब्याख्या, बिश्लेषण र अध्ययन गर्ने एउटा सैदान्तिक दृष्टिकोण हो । लैंगिक शब्दले  न महिलालाई बुझाउँदछ न पुरुषलाई नै वरु महिला र पुरुषको सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक कामहरुको सम्वन्धलाई जोड दिन्छ (Bhasin-2001, Brydon and Chant-1989, Agrawal-1994) । त्यसैले यस अनुसन्धानमा घरायासी कामकाजमा गरिने निर्णयमा सार्की जातिका महिलाहरुको स्थिती तथा भूमिकालाई लैंगिक दृष्टिकोणवाट अध्ययन गर्न खोजिएको छ । सार्की जातिमा छोरी, वुहारी र सासु जस्तो भिन्न-भिन्न पदमा रहेका महिलाहरुको घरपरिवारभित्रका निर्णय प्रकियामा के कस्तो स्थिति छ, पुरुष र महिलाले निर्णय गर्ने क्षेत्र र उनीहरुको सामाजिक मुल्य मान्यताहरु बीचको अन्तर सम्बन्धलाई केलाउने प्रयास गरिएको छ ।

## १.६ अवधारणात्मक प्रारुप

घरायासी निर्णय प्रक्रियाको वारेमा अध्ययन गर्नु  निकै व्यापक र गहिरो  कुरा हो । यसले वृहत् कुरा समेट्छ । अनुसन्धानको क्रममा निम्न विषयमा गरिने निर्णय प्रक्रियालाई मात्र समेट्दै दलित अन्तर्गत पर्ने सार्की महिलाको स्थिति तथा भूमिका पत्ता लगाउन खोजिएको छ ।

चित्र १: घरायासी निर्णय प्रक्रियामा महिला




## १.७ अध्ययनको संगठनात्मक स्वरुप

यस शोधपत्रलाई सात अध्यायमा बिभक्त गरिएको छ । पहिलो अध्यायमा अध्ययन क्षेत्रको परिचय, दोस्रो अध्यायमा सन्दर्भ साहित्यको समिक्षा, तेस्रो अध्यायमा अनुसन्धान पद्धतिको बारेमा चर्चा गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक परिचय साथै गाउँको अर्थतन्त्र, सामाजिक चालचलन, शैक्षिक स्थिति, पारिवारिक संरचना सम्बन्धमा

उल्लेख गरिएको छ । अध्याय पाँचमा सार्की महिलाहरुको घरायासी निर्णय प्रक्रियामा रहेको सहभागिताको बारेमा चर्चा गरिएको छ । त्यस्तै छैटौं अध्यायमा बिभिन्न क्षेत्रको घरायासी निर्णयमा महिलाहरुको स्थिति के कस्तो रहेको छ भन्ने बारेमा उल्लेख गरिएको छ । निष्कर्षलाई अन्तिम सात अध्ययायमा प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको समिक्षा

यस अध्यायमा दलितलाई कसरी परिभाषित गरिएको छ भन्ने विषयका साथै महिलाहरूको सहभागिताको अवस्था स्थिति र लैङ्गिक दृष्टिकोणले गरिएका विभिन्न अध्ययन, अनुसन्धान तथा विभिन्न समयमा प्रकाशित गरिएका कृतिबाट पत्ता लागेका तथ्याङ्कहरूले प्रस्तुत अध्ययनलाई सहयोग गर्ने आशयका साथ यहाँ उल्लेख गरिएको छ ।

### २.१. दलित :एक विश्लेषण

शाब्दिक रुपमा दलितको अर्थ दलिएको वा थिचिएको वा कुल्चिएको वा नष्ट गरिएको भन्ने हो । दलित बर्ग वा समुदाय भन्नाले समाजमा हक इज्जत र प्रतिष्ठा समान रुपले पाउन नसकेको जनसमुह लाई बुझाउँछ । अर्को शब्दमा भन्नुपर्दा, सामाजिक व्यवस्थाका असमानताले सोसिएको वा पछि परेको जाति/जनसमुह हो (पोखरेल, २०४०) ।

परम्परागत सिद्दान्त अनुसार ब्राह्मणहरु ब्रम्हाको मुखवाट क्षेत्रीहरु बाहुवाट, वैश्यहरु तिघ्रावाट र शुद्रहरुको उत्पत्ति पाइतालावाट भएको भन्ने उल्लेख छ । यसरी परम्परागत सिद्धान्तले पनि मानिसलाई भगवानसँग तुलना गर्दै सुद्र जातिलाई शरिरको सबैभन्दा निम्न तहको स्थानमा राखेको देखिन्छ । अर्थात जाति व्यवस्था अपरिवर्तनशील छ भनी व्याख्या गरियो । मनुले आफ्नो पुस्तक मनुस्मृतिमा चारै वर्णको कार्य विभाजनका बारेमा लेख्दछन् वेद पढ्नु, पढाउनु आफुले यज्ञ गर्नु र अरुको यज्ञ गर्नु गराउनु, दान गर्नु ब्राह्मणको कार्य हो । प्रजाको रक्षा गर्नु र देशलाई विपत्तिवाट संरक्षण गर्नु क्षेत्रीको मुल कार्य हो, वाणिज्य व्यवसाय तथा कृषि कार्य अपनाई सवै वर्णका मानिसलाई खाने लाउने जस्ता न्युनतम् कुरालाई कमी हुन नदिने साथै पशुपालन दान र यज्ञ गर्ने वैश्यहरुको कार्य हो भने शुद्रले चाहिँ आँफुभन्दा माथिका तिनवटै वर्णको सेवा शुश्रुषा तथा हरेक काममा सहयोग पुऱ्याउनुपर्दछ (वराल,२०५०) । यसरी वर्ण व्यवस्था अनुसार कामको आधारवाट जाति व्यवस्थालाई परिभाषित गरेको देखिन्छ (Hofer, 1979) । तर नेपाली समाजले कामको

आधारमा परिभाषित हुने जातिब्यवस्थालाई विस्तारै-विस्तारै जन्मको आधारबाट पनि परिभाषित गर्न थालियो (शर्मा, १९७७) ।

नेपालको मुलुकी ऐनले कसाई, कुसुले, हिन्दुधोबी, कुलु, मुसलमान, मिलिच्छे लाई अशुद्ध जात र कामी, सार्की, कडारा, दमै , गाइने वादी, पोडे, च्यामेलाई अशुद्ध तथा छुन नहुने जात भनी परिभाषित गरेको छ । सार्की समुदायलाई जाति व्यवस्था भित्रको छुन नहुने जातभित्रको सबैभन्दा माथिल्लो तहमा राखेको पाईन्छ (Hofer, 1979) । यसरी दलितभित्र पनि तहगत वर्गीकरण गरिएको छ । वि.सं १९१० को मुलूकी ऐनको मूल अभिप्राय सवै जातजातिहरुलाई भिन्न भिन्न काम दिएर एक अर्कामा अन्तरनिर्भर गराइ एक ढिक्का बनाउने थियो तर त्यतिवेलाका शाषकहरुले हिन्दु वर्णव्यवस्थालाई आत्मसाथ गर्दै हिन्दुको मूल्य मान्यता अनुरुप शुद्ध र अशुद्धको रुपमा विभक्त गरिदिए । हिन्दु धर्ममा आधारित शुद्धता र अशुद्धताको भेदभाव तत्कालिन समाजमा व्याप्त भयो । हिन्दुव्यवस्था नेपाली समाजको आधारभुत प्रकृति हो र यसलाई नेपाली समाजले चुपचाप अँगाल्नुपर्छ । हिन्दु धर्मको चालचलनलाई कसैले औंला उठाउन सक्दैनथ्यो । वास्तवमा अझै पनि आधुनिक न्यायपालिकाले उन्ल्लेखनीय ढंगले तहगत जातिय प्रथालाई हटाउन सकेको छैन । कानुनको अगाडि जातिगत भेदभाव नभएपनि प्रक्रियामा अझै परिवर्तन हुन सकिरहेको छैन । सन् १९६३ पछि नयाँ मुलूकी ऐन आएपनि अझै जातिगत व्यवस्था निर्मुल हुन सकेको छैन (Hofer, 1979) ।

## २.२ नेपालमा जाति ब्यवस्था

नेपालमा हिन्दु वर्णको शुरुवात लिच्छवीकाल देखिभएको पाइन्छ । राजा सुपुष्पदेवले सर्वप्रथम नेपालमा हिन्दु वर्ण व्यवस्था लागू गरे । त्यसपश्चात् मध्यकालमा आएर मल्लवंशी राजा जयस्थिति मल्लले पुन नेपाली समाजलाई हिन्दु वर्णव्यवस्था अनुसार ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी जम्मा चार जातमा बाँडे । नेवारी समाजलाई ६४ जातमा वर्गीकरण गरे भने अन्य समाजलाई ३६ जातमा बाँडे जसमा पोडे चर्मकार जस्ता जातिहरुलाई अस्पृष्य जातमा वा छुन नहुने जातमा राखेका थिए (Nepali, 1965) ।

सन् १८५३ मा निर्माण गरिएको पुरानो मुलूकी ऐनमा रहेको तहगत जातिय स्तरिकरण निम्नानुसार छ :-

- तागाधारी
- मतवाली
- पानी नचल्ने छोईछिटो हाल्नुनपर्ने
- पानी नचल्ने छोईछिटो हाल्नुपर्ने

मनुस्मृतिको एक प्रसङगलाई उल्लेख गदै (पौड्याल,२०६७) लेख्दछन् १०० वर्षको क्षेत्रीले पनि १० वर्षको ब्राह्मण युवकलाई पितासरह व्यवहार गर्नुपर्दछ । यसरी जाति व्यवस्थाले नेपाली समाजमा असमानता सिर्जना गरिदियो ।

यस स्तरिकरण अनुसार तागाधारी सवैभन्दा माथि रहेको छ भने सवैभन्दा तल पानी नचल्ने जाति रहेकाछन् । यसअन्तर्गत सार्की, कामी, दमाई गाइने, च्यामे, पोडे पर्दछन् । कानुनी रुपमा जातिय विभेद हटेको भएता पनि सार्की, कामी, दमाई, वादी, गाइने, पोडे, च्यामे, चमार ,मुसहर, दुसाद आदी जातिहरु सामाजिक, र सांकृतिक सम्मानवाट वञ्चित छन् (पोखरेल २०५६) । यिनीहरुमध्ये केहिलाई पहनी पनि भनेको पाइन्छ । यी पहनी भित्र सुजेरो ,गाइने, वाधी ,रैभार ,नगर्ची र अरु दुइ उपसमुह कामी र सार्की पर्दछन् ।

नेपालमा ठाउँ अनुसार भाषा संस्कृति भिन्न भिन्न छ र दलित जातिको प्रकार पनि । खास गरी क्षेत्रीयताको आधारमा दलित तीन समुहमा छुट्याएको पाइन्छ ।

- पहाडी दलित
- नेवारी दलित
- तराई दलित

क्षेत्रीयताको आधारमा पहाडी दलितको सङख्या वढी छ । कुल दलित जनसङख्यामध्ये ७३.०६ प्रतिशत पहाडी दलित छन् त्यस्तै नेवारी दलित २६.४ प्रतिशत छन् (Majupuriya, 2007)।

## २.३ दलितको सामाजिक तथा आर्थिक अवस्था

नेपालका दलित जातिको सामाजिक तथा आर्थिक अवस्थाका बारे विभिन्न विद्वानहरूले व्याख्या र विश्लेषण गरेको पाइन्छ (विश्वकर्मा, २०५९) का अनुसार नेपालका

दलितहरुमध्ये अधिकांश भूमिहिन छन् । उनीहरु उच्च वर्ग वा वर्णको आसेगासे र हरुवा चरुवा वा कमैया दलियाका रुपमा रहँदै जीवन धान्न बाध्य छन् । अछुतहरु सामाजिक रुपमा बहिस्कृत भएबाट उनीहरुलाई होटल, पसल जस्ता वन्द व्यापार गरेर वा आफ्ना गाइभैसीको दुध दहि बेचेर अलिकति भएपनि आर्थिक उपार्जन गर्न पाउने मौका समेत छैन (विश्वकर्मा २०५९) । नेपालका दलितहरुले हलिया, वालीघरे वा विष्ट कमाउने (Caplan, 1972), वाजा वजाउने, डोली बोक्ने, सुडेनी जस्ता सित्तैमा श्रम गर्ने पेशामा संलग्न रहेका छन् (विश्वकर्मा, २०५९) । यसरी दलित जातिहरू नेपाली समाजको सामाजिक मुल्य मान्यताले उनीहरूलाई आर्थिक रुपमा पनि पछाडी पारेको देखाएको छ ।

दलितहरूलाई सार्वजनिक स्थल जस्तैः- मन्दिर, कुवा, धारा, सरकारी विद्यालयहरुमा पनि उनीहरुलाइ ढुक्कसित प्रवेश हुन दिइदैन र दिँदा पनि अनेक भेदभाव गरिन्छ ( प्रश्रित,२०५८) । उनीहरुले सवर्ण जातिकहाँ आँगनमै वसेर खानुपर्छ ,आँफै भाँडा माझ्नुपर्छ र भाँडाहरु सुकेपछि मात्र लगिन्छ । समाजका अधिकांश वुढावुढीहरु र अविकसित ठाउँका सवैजसो मान्छे उनीहरु प्रति अछुतकै व्यवहार गर्छन् र छोइछिटो लिन्छन् । सभा समारोह मेला जात्रा नाचगान आदि सवैजसो ठाउँमा अहिले पनि उनीहरु खुला र सामुहिक रुपमा सहभागी हुन पाउँदैनन् (प्रश्रित,२०५८) ।

दलितहरु खसहरु झैँ नै नेपाली भाषा बोल्छन् । एकै किसिमको संस्कृति मान्दछन् । तरपनि खसहरु तुलनामा दलितहरु अत्यन्तै दुखद जीवनदशा भोगिरहेका छन् । दलितहरुभित्रै पनि वाहुनवादले सिर्जना गरेका मनोवैज्ञानिक र सामाजिक विभाजनहरु छन् । दलित दलितभित्रै पनि छुवाछुत र भेदभाबको स्थिति बिद्यमान छ, यो वाहुनवादले पारेको प्रभाब हो । यी विभाजनले उनीहरुभित्र आपसमा झै झमेलाहरुको सिर्जना भयो र लामो समयसम्म खस दासताका विरुद्ध आवाज उठाउन संगठीत हुन र संघर्षमा उत्रन सम्भव भएन । सवैभन्दा व्यस्त, सवैभन्दा ज्यादा परिश्रमी र मार्मिक किसिमका कष्टहरुले भरिएको जीवनचक्र भएका दलितहरुको लोक जीवनमा सांस्कृतिक विविधता, उल्लास र विशिष्ट महोत्सव दिवस वा झाँकीहरु छैनन् वा असाध्य कम छन् । खसहरुले पढ्न पानी छुन र सवै किसिमका सुविधाहरुको भोग गर्न रोक लगाएकोले उनीहरुका गम्भिर किसिमको मनोवैज्ञानिक र सामाजिक सिमाहरुमा बाँधिने विवशता मात्र उत्पन्न भएन बरु उनीहरुभित्रै हिनताबोधका प्रवृत्ति पनि विकास गऱ्यो । त्यसैले खसहरुको रमझम, खुशीयाली विलास र

चैनका लागि नाच्ने र बजाउने व्यवसायमा लागे पनि दलितहरु आफ्नै लागि भनेर विकास गरेका संस्कृतिमा सम्पन्न छैनन् । खसहरुसँग दलितहरुको एउटा ठूलो भोज्य पदार्थको ग्राह्यतामा खसहरुले आफ्ना लागि तामसी भनेर वर्जित गरेका भोज्य पदार्थ दलितहरुका लागि स्वभाविक खाना भएका छन् । दलितहरु कलात्मक खुकुरी लगायत औजार र कृषि उपकरणहरुको बनोट ,छालाका परम्परागत उपभोग्य वस्तुहरुको उत्पादन, विभिन्न किसिमका पहिरनहरुको डिजाइन र सिलाई ,लोकसंगीतको रचना र नृत्य कौशलमा आफ्नो अमिट छाप छोड्न सफल भएका छन् तर दुर्भाग्यवस यसको उपभोगमा उनीहरुको आफ्नै हिस्सा शुन्यभन्दा माथि मात्रै छ (न्यौपाने,२०००) ।

नेपालको कुल दलित जनसंख्याको करिव वीस लाख जति दलित महिलाहरु छन् तर उनीहरुको साक्षरता प्रतिशत हेर्ने हो भने निकै न्युन छ । सम्पूर्ण दलित नै पछि परिरहेको अवस्थामा दलित महिलाको स्थिति त दयनीय नै छ । दलित महिलाहरु दोहोरो मारको पिडा खेपिरहेका छन् । एक त दलित गैर दलितवाट शोषित छन् , त्यसमा पनि दलित पुरुषहरुवाट समेत शोषित छन् । दलित महिलाको स्वास्थ्य र पोषण स्थिति पनि दयनीय छ। दलित महिलाको साक्षरता दर १२.० प्रतिशत छ जवकी दलित पुरुषको साक्षरता प्रतिशत ३३.९ प्रतिशत छ (Majupuriya,2007) ।

## २.४ दलित अन्तर्गतः सार्की

नेपाली वृहत शव्दकोशमा सार्कीको अर्थ नुनिलो माटो वा क्षारको प्रयोग गरेर काँचो छालालाई बलियो र पाको वनाउने एक जाति छालाको काम गर्ने चर्मकार भनिएको छ । सार्की जाति भन्नासाथ छालाको काम गर्ने भन्ने वुझिएता पनि यिनीहरु कृषि कार्यवाट पूर्ण रुपमा अलग हुन भने सकिरहेका भने छैनन् (Caplan, 1979)। नेपालको २०६८ को जनगणना अनुसार सार्की जातिको कुल जनसङ्ख्या ३१८,९८९ रहेको छ जसमध्ये पुरुषको संङख्या १५३,६८१ र महिलाको १६५,३०८ रहेको छ । यो कुल तथ्यांङ्को १.४ प्रतिशत हुन आउँछ । (CBS, 2012)

सार्की जाति नेपालको आदिवासी जाति भएता पनि यिनीहरु नेपालमा कहिलेदेखि वसोवास गर्न शुरु गरे र कहाँवाट नेपाल प्रवेश गरे भन्ने कुरा स्पष्ट हुन नसकेता पनि यिनीहरु प्राय पहाडी भूभागमा वसोवास गर्दै आएका छन् । यिनीहरु तागाधारी र अन्य

जातजातिको आसपासमा परम्परादेखि नै रहँदै आएका छन् (Bista-1996, Holmberg-2007) ।

नेपालको मुलुकी ऐनले सार्की जातिलाई अपवित्र जातिहरुको सबैभन्दा माथिल्लो स्थानमा राखेको छ । जसलाइ तालिका एकमा प्रस्तुत गरिएको छ ।

तालिका १ : दलित जातिको तहगत बिभाजन

| जातिगत तह | जाति | बिशेषता |
|---|---|---|
| १ | कामी र सार्की | फलामको काम गर्ने |
| २ | कडरा | कामी र सार्कीबाट जन्मिएको |
| ३ | दमाई | लुगा सिउने र बाजा बजाउने |
| ४ | गाइने | गित गाउने |
| ५ | बदी | नाच्ने |
| ६ | पोडे | नेवार जातिमा छालाको काम गर्ने |
| ७ | च्यामे | मरेका जनावरको मासु खाने |

कामी र सार्कीले जातिगत तहमा रहेका आफुभन्दा तल रहेका जातिहरुले छोएको भात र पानी खाँदैन । यसैगरी कामी र सार्कीबीचमा पनि भात र पानी चल्दैन तर भुटेको र पोलेको खानेकुरा भने खाँदछन् (Hofer,1979)

सार्की जातिले हिन्दु धर्म अपनाएपनि हिन्दु जातिका अन्य तागाधारीहरुले यिनीहरुलाई हिन्दु धर्मका अनुसार व्यवहार गर्दैनन् । यिनीहरुले मरेको गाई, वा वाच्छा खाने भएकाले सार्की जातिलाई तल्लो स्तरको व्यवहार गर्दछन् (Caplan, 1972) ।

## २.५ लैङगिक अवधारणा

सामाजिक लिङग सामाजिक सांस्कृतिक रुपले निर्माण भएको अवधारणा हो । समाजले सामाजिक सांस्कृतिक व्यवस्थालाई आधार वनाएर महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिकालाई अलग्याइदिन्छ, यसैलाई सामाजिक लिङग (Gender) भनिन्छ । महिला र पुरुष

भएकै कारण समाजले उनीहरुलाई फरक फरक भूमिका दिएको हुन्छ।यसप्रकार सामाजिक लिङ्गले सामाजिक मूल्यमान्यतालाई विश्लेषण गर्न महत्वपूर्ण हतियारको रुपमा कार्य गर्दछ ।अर्थात् समाज र संस्कृति अनुसार महिला र पुरुषको भूमिका फरक फरक हुनेहुँदा त्यसलाई हेरेर उक्त समाजको मूल्य मान्यता थाहा पाउन सकिन्छ (Bhasin, 2001)।

सामजिक मुल्य मान्यता अनुसार महिलालाई गरीने व्यवहार पनि फरकफरक हुन्छ उच्च हिन्दु मानिने जातिको घर परिवारमा महिलाको स्थिति झनै दयनीय रहेको छ (Benett,1983)। छोरीहरुलाइ मनोवैज्ञानिक तवरले नै कुण्ठित गराईन्छ । छोरी मान्छे अर्काको घर जाने जात भन्दै हरेक अवसरवाट वन्देज गराईन्छ । उनीहरुको वसाइ, हिँडाइ, वोलाइ, सवै कुरामा नियन्त्रण गरिन्छ । केहि हदसम्म पश्चिमी शैली अपनाईरहेमा घरपरिवार वाहेक हिन्दु महिलाहरुको स्थितिलाई सकारात्मक मान्न सकिँदैन । छोरीहरु कतै गएर आउँदा एक दुई घण्टा मात्रै ढिलो भएपनि उसको अगाडि सयौं प्रश्न तेर्सिन्छन् तर त्यहि परिस्थितिमा छोराहरु एक दुई रात नै घरमा आएन भने पनि कुनै आपत्ती जनाईंदैन । तर किराँती, मगर, तामाङ, शेर्पा र अरु सांस्कृतिक समूहमा त्यस्तो किसिमको वन्देज छैन नाचे गाउने स्वतन्त्र भएर हिँड्न पाउँछन् । विवाह, पुनर्विवाह सम्वन्धविच्छेद जस्ता कुरामा पनि महिलाले मूख्य भूमिका निर्वाह गर्न सक्छन् । विहे अगाडि पनि कुनै वन्देज हुँदैन, त्यस्तै वालविवाहको स्थिति पनि हिन्दु परिवारका महिलाको भन्दा कम छ । तेस्रो समूहका महिला भनेको अछुत वर्ग हो ,कानुनले छुवाछुत विरुद्धको भेदभाव हटाइसके पनि कमै मात्रामा अभ्यासमा आएको छ । यस समूहका सवै मानिसहरु शोषित छन् यद्यपि महिलाको स्थिति व्राह्मण क्षेत्रीको भन्दा उच्च छ (Ghimire,1977)।

ऐंगेल्स (१८८२) ले परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति नामक पुस्तकमा पशुपालन उत्पादन पद्धतिबाट शुरु भई कृषि उत्पादन पदतिको विकाससँगै ब्यापक रुपमा विस्तार र स्थापित भएको निजि सम्पत्ति प्रणालि र लैंगिक श्रमविभाजन बिभाजनको विस्तारले महिला उत्पिडनको शुरुवात भएको देखिन्छ । परिवारको उत्पत्तिसँगै आम उत्पादनका साधनवाट वञ्चित गरिएको थियो र सामाजिक पुनर्उत्पादनलाई उत्पादनबाट छुट्याएर महिलाहरुलाई पारिवारिक परिवेशमा सीमित तुल्याईएको थियो । उक्त विश्लेषणमा तिन ओटा महत्वपुर्ण तथ्यमाथि जोड दिएको पाईन्छ । एक समानमा स्थापित उत्पादन पदतिले परिवारको रुप निर्धारण गरेको हुन्छ , दुई भौतिक उत्पादन तथा सामाजिक

पुनर्उत्पादनको घनिष्ठ सम्वन्ध रहेको हुन्छ र तिन महिलाहरु उत्पादनका साधनवाट वञ्चित भएपछि पारिवारिक परिवेश उनीहरुको विशेष उत्पिडन स्थल हुन पुग्दछ ।

आर्थिक रुपमा कुरा गर्नुपर्दा महिलाहरु विहे भइसकेपछि आफ्नो बाबुको सम्पत्तिको हकदार हुदैनन् । ७० प्रतिशत जति महिलाहरु घरायासी काममै खटिन्छन् यद्यपि आर्थिक स्रोतसाधन प्राप्तिमा सफल हुँदैनन् । समान काम गर्दा पनि महिलाहरुलाई दिइने ज्याला कम्ति हुन्छ गार्मेन्ट या कार्पेट फ्याक्ट्रीमा काम गर्दा पनि अशिक्षित भनि कम ज्याला दिने गर्दछन् (Luitel,1992)।

समाजमा महिलालाई बच्चा जन्माउने यन्त्रको रुपमा लिने गरिन्छ । विवाह गर्नु र बच्चा जन्माउने कुरालाई समाजले प्राथमिकताका साथ महत्व दिएको हुन्छ ।जीवन जीउनको लागि महिलाले विहे  गरी घरजम गर्नु बाहेक दोस्रो विकल्प छैन । शिक्षा रोजगार जस्ता महिलाको प्राथमिकताको विषयमा पर्ने गर्दैन (Acharya, 2007) ।

महिलालाई दिईने शिक्षाले आफु जन्मिएको घरमा कुनै योगदान दिन नसक्ने हुँदा उसको शिक्षामा गरिएको लगानि निरर्थक हुन जान्छ । उसलाई शिक्षा दिनुभन्दा घरमा उसको शारिरीक परिश्रमको योगदानको  महत्व रहने हुनाले पनि महिलालाई शिक्षामा लगानि गरिँदैन । अर्को तर्फ शिक्षित महिलाहरुको विवाह महंगो हुने तथा महिलाको श्रम घरभित्र र खेतीपातीमा वढि आवश्यक हुने भएकाले पनि महिलालाई शिक्षा दिनमा अवरोध हुन गएको हो (आचार्य १९८१) ।

(Luitel,1992) अनुसार  नेपाली महिलाहरुको स्वास्थ्य अवस्था एकदमै कमजोर छ । उनीहरु आफ्नो बाल्यअवस्थावाट नै खानपिन तथा हुर्काउने प्रक्रियामा वेवास्ता गरिन्छन् सांस्कृतिक मुल्य आर्थिक अबस्था र आमावावुको हेराईमा परिवारभित्र छोरा मुख्य केन्द्रविन्दुमा रहेको हुन्छ । जसको कारण महिलाको स्वास्थ्य कमजोर वन्दै जान्छ ।

March,K.S ले तामाङ समुदायमा अध्ययन गरे पश्चात् १९८३ मा Weaving writing and Gender पुस्तक प्रकाशित गरेकी थिईन् । उनको अध्ययन अनुसार तामाङ समुदायमा लेखाई वा बुनाईलाई एउटा कलाको रुपमा मात्र नलिई महिला र पुरुषको कार्य एबं भुमिकालाई प्रतिनिधित्व गरेको पाईन्छ । महिलाहरु भौतिकवादी वा शारिरीक

परिश्रमलाई जोड दिन्छन् भने पुरुषले अध्यात्म वा वैचारिक पक्षलाई जोड दिन्छन् । पुरुषमा महिला भन्दा उच्च शक्ति हुन्छ भन्ने तामाङले विश्वास राख्दछन् । महिलालाई शरिर निर्माता र पुरुषलाई दिमाग निर्माताको रुपमा लिइनुले पनि महिलाहरु पुरुष भन्दा दमित भएको कुरा स्पष्ट हुन्छ । पुरुषको कार्य अध्यात्मिक दैबिक शक्तिसँग सम्वन्धित रहेको पाईन्छ तर  महिलाहरु वुनाईको छलपुर्ण जालोभित्र रहेर विनिमय प्रदान गर्दछन्  भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । यसप्रकार पितृसत्तामा लेखाई कार्यले पुरुषलाई जोड दिएको हुँदा महिलाको कार्य निम्न हैसियतमा रहेको कुरा स्पष्ट हुन्छ । यी कार्यबीचमा पनि सामाजिक बिभेद रहेको छ । जुन कुरा लैंगिक दृष्टिकोणको मान्यतासँग मेल खान्छ । यस लेखले सामाजिक, सांस्कृतिक, धार्मिक तहमा महिला र पुरुषवीच विभेद रहेको कुरा स्पष्ट पार्दछ ।

## २.६ निर्णय प्रक्रिया र घरायासी कार्य

नेपालमा महिलाहरूको निर्णय पक्रिया र घरायासी कार्यमा हुने सहभागीताका बारेमा विभिन्न विद्वानहरूले अध्ययन गरेको पाइन्छ । (Seddon,1987)अनुसार महिलाहरुद्वारा गरिने कार्यमा विशेष गरी घर र खेतको काम नै वढी हुन्छ । यसमा पनि विभिन्न किसीमको अत्यन्तै कठीन कार्य समावेश भएका हुन्छन् । जस्तै निकै टाढा पानी लिन जानु, दाउराहरु संकलन गर्नु ,पशुहरुको हेरचाह गर्नु   साथै अन्य सामान्य कामहरु पकाउनु,घर सफा गर्नु,परिवारका सदस्यहरुको हेरविचार गर्नु ,यी घरका सवै कामहरु गर्नुका साथै महिलाहरु पूर्ण रुपमा कृषि कार्यमा सहभागी भएका हुन्छन्  ।

नीति निर्माण तथा योजनाका सबै तहमा समान सहभागीता भयो भने मात्र महिलाहरुको निर्णय प्रक्रियामा पहुँच पुग्दछ । नाफा आउने काममा पुरुषको मात्र सहभागिता हुने गर्दछ । जव श्रमको काम गर्नुपर्ने हुन्छ,,जसवाट  केहि आम्दानी हुदैन त्यस्तो काममा महिलालाई अघि सारेको जस्तो गरिन्छ । यस्तो किसीमको सहभागिताले महिलाको निर्णयमा पहुँच बढ्न सक्दैन  (Shrestha,1994)

आर्थिक बजारमा सहभागि भएका महिलाहरुको निर्णय गर्ने प्रक्रियामा पहुँच बढि हुन्छ । जो महिलाहरु शिक्षित छन् र पैसा आउने काममा सरिक छन् ,उनीहरुले गरेको निर्णयको सुनुवाई  हुन्छ तर जो महिलाहरु घरायासी जीवन निर्वाहको काममा मात्रै दिन

व्यतित गरेका हुन्छन् ,आम्दानीको छुट्टै कुनै स्रोत छैन उनीहरुको स्थिति निर्णय प्रक्रियामा कमजोर रहेको हुन्छ (Acharya and Benett) ।

कुनै पनि परिवारको आर्थिक लेखाजोखा गर्दा घरबाहिर गर्ने विविध कामको मात्रै मुल्याङ्कन गरिन्छ घरभीत्र बसेर सम्पूर्ण घरायासी व्यवस्था मिलाउने जिम्मेवारीपूर्ण कामलाई रछ्याने काम भनेर होच्याइन्छ । घरमै बसेर काम गर्ने अधिकांश महिलाहरुले नै घरायासी कामलाई सम्मनजनक दृष्टिले हेर्दैनन् ।अधिकांश घरमा भित्रको काम महिलाले र वाहिरको काम पुरुषले गर्न प्रचलन छ । त्यसैले आर्थिक कारोवार र जगेर्नामा पुरुषकै योगदान मात्र देखिन्छ । घरभित्रको काम विहान उठेदेखि राती अबेरसम्म गर्ने महिलाहरुले सय रुपियाँको चुराधागो लगाउनेदेखि चारपाँच दान सय दान दक्षिणा दिनुपर्दा पनि हात फैलाउनुपर्छ ।आर्थिक समस्या उनीहरुलाई सँधै परिरहन्छ । हाम्रो जस्तो पितृसत्तात्मक समाजमा विशुद्ध गृहिणीले महिलाले मुख खोलेको त्यति रुचाँउँदैनन् । कुनै विषयमा आफ्नो राय व्यक्त गरेमा जान्ने भएकी लोग्ने हुँदाहुदै ट्वाक्क वोल्ने भनेर आक्षेप लगाईन्छ । घरगृहस्थीको कुनैकुनै समस्यामा पतिपत्नीकोवीचमा वहस र छलफल हुँदा,निर्णय गर्नुपर्दा पत्नीले बोले त्यहाँ उपस्थित जमातले मुख हुँदाहुँदै नाकले पानी खाने भन्ने राय पनि व्यक्त गर्दछन् ( पौड्याल,२०६७) ।

पुरुष प्रधान समाजमा नारीहरुको निर्णय स्वीकार्य हुँदैन । महिलाहरुले कुनै काम वा पेशा गर्न खोजे त्यो पारिवारिक निर्णयमा भर पर्छ । उनीहरुको श्रमशक्ति र उत्पादकत्वमा नियन्त्रण गरिन्छ । भरसक घरको धन्दा भ्याएर गर्न मिल्ने काम नै राम्रो मानिन्छ । उनीहरुले यति गरेर कमाएको आम्दानी पनि घरमूलीको अधीनमा पुग्दछ । अधिकांश काम श्रममुलक भएपनि श्रमको उचित मुल्य पाउँदैनन् । महिलाले गरिआएका काममा मेसिनको प्रयोग भएमा पुरुषले गर्न थाल्छन् । त्यस्तै महिलाहरुको प्रजनन क्रियामा पारिवारिक निर्णय हुन्छ । कति सन्तान पाउने भन्ने कुरा उनीहरुको ठहरले मात्र हुँदैन । त्यो पनि पारिवारिक निर्णय र सामाजिक बनोटमा भर पर्छ । छोरी मात्र जन्मिएका छन् भने छोरा पाउन धेरै सन्तान पाइराख्नुपर्छ । छोरो नजन्मेसम्म मर्यादा हुँदैन त्यसैले छोरा पाउन महिलाहरु रहर पनि गर्छन् (सुवेदी,२०५९) ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

यस अध्यायमा अनुसन्धान क्रममा प्रस्तुत अनुसन्धान प्रश्नहरूको उत्तर प्राप्तिका लागि प्रयोग गरिएका विधिहरू जस्तैः-अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, नमुना छनौट, तथ्यांक संकलनको विधि, घरधुरी सर्वेक्षण, अवलोकन, सामुहिक छलफल, तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण, अध्ययनको सिमा सम्वन्धमा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौटं

यस अध्ययनमा अध्ययन क्षेत्रको रुपमा पर्वत जिल्ला अन्तर्गत पर्ने सार्की जातिको बसोबास रहेको घैयार गाउँलाई लिइएको थियो । यसलाई अध्ययन क्षेत्रका रूपमा छनौट गर्नुका पछाडि विभिन्न कारणहरू थिए । प्रथमतः यस गाउँमा सार्की जातिको बाक्लो वसोवास रहेकोले यो क्षेत्रलाई विस्तृत अध्ययनका लागि छनोट गरिएको थियो । पुरुषहरु घरवाहिरको काममा सहभागी हुने तर महिलाहरु घरभीत्रको साथै घरवाहिरको काममा सहभागी भएकोले महिला र पुरुषको सामाजिक तथा आर्थिक स्थिति प्राप्तिका लागि पनि यो भेग उपयुक्त थियो । यहाँको समाज प्रायश संयुक्त परिवारमा बस्ने गर्छन् । यो अध्ययनमा महिला तथा महिलाहरूको बीचमा पनि हुने विभिन्न घरायासी कार्यको भुमिकाको लागि हेर्न खोजिएकाले घरभित्र को निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता कस्तो किसीमको रहेको छ कुनकुन कुरामा महिलाहरुले निर्णय गर्दछन् र महिलाहरुमा पनि कस्ता कस्ता महिलाहरुले के के विषयवस्तुमा निर्णय गर्दा रहेछन् सो वारेमा वुझ्नका लागि यो क्षेत्र उपयुक्त ठानेर छनौट गरिएको थियो ।

यो गाउँ मेरो घरबाट नजिकै पर्ने भएको र त्यस भेगका केही मानिसहरुसँग पहिलादेखि नै चिनजान भएको हुँदा सम्बन्ध स्थापना गर्नलाई पनि सजिलो हुने भएकाले सो गाउँलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरियो ।

### ३.२ अनुसन्धान ढाँचा

यो अनुसन्धानको विषयभित्र खास गरी दलित अन्तर्गत पर्ने सार्की जातिका महिलाहरुको सामाजिक आर्थिक अवस्था कस्तो छ र उनीहरुको घरायासी कार्यमा सहभागिता एवं निर्णय प्रक्रियामा स्थिति तथा भूमिका के कस्तो रहेको छ भन्ने बारे पत्ता लगाउने उद्देश्य राखिएको हुँदा प्रतिखण्डात्मक अनुसन्धान (cross sectional) विधीवाट गरिएको छ । अनुसन्धानकर्ताद्वारा महिलाहरूको घरायासी कार्यमा हुने सहभागिता र निर्णय प्रक्रियामा के कसरी परिवर्तन भइरहेको छ भन्ने विषयबस्तुहरुमा केन्द्रित नभई वर्तमान अबस्थामा स्थिति र भूमिका के छ भन्ने हेर्ने खोजिएको छ । त्यसैले यस अध्ययनका क्रममा अनुसन्धानकर्ता एकपटक अध्ययन क्षेत्रमा गई बर्तमान अबस्थामा यस भेगमा सार्की महिलाहरु घरभित्रका के कस्ता कार्यहरु गर्दछन्, उनीहरुको कुन कुन क्षेत्रमा निर्णय गर्दछन्, महिलाहरुको बीचमा पनि निर्णय गर्ने प्रक्रियामा फरक छ कि छैन जस्ता विषयवस्तुहरुको वारेमा तथ्यांकहरु संकलन गरिएको छ ।

### ३.३ समग्रता र प्रक्रिया

पर्वत जिल्लाको विभिन्न गाउँहरूमा सार्की समुदायको बसोबास भएको भएतापनि अध्ययन क्षेत्रको रुपमा पर्वत जिल्लाको घैयार गाउँका सार्की जातिका महिलाहरुलाई विस्तृत अध्ययनको नमुनाको रूपमा समावेश गरिएको थियो । त्यस भेगमा सार्की, कामी ,दमाई र ब्राह्मण जातिहरूको समेत वसोवास रहेको थियो । यो गाउँमा २५ घरधुरी सार्कीको रहेको थियो । सानो संख्यामा घरधुरी भएको हुँदा सवै घरधुरीको समग्रमा अध्ययन गरिएको थियो । कुल घरधुरीलाई नमुनाको रुपमा छनौट गरी जनगणना विधिवाट अध्ययन गरिएको थियो । विस्तृत अध्ययन गर्नका लागि ९ जना (६ जना महिला र ३ पुरुषहरु) लाई मुख्य उत्तरदाताको रुपमा छनौट गरिएको थियो , जुन उद्देश्यमूलक रुपमा छनौट गरिएको थियो । मुख्य उत्तरदाताहरुसँग घरधुरी सर्वेक्षण गरीसकेपछि कुराकानी गरिएको थियो ।

### ३.४ तथ्याङ्क श्रोत र प्रकृति

यो अध्ययनमा आवश्यक पर्ने तथ्यांकहरु प्राथमिक तथा द्वितीय स्रोतवाट लिइएको थियो । प्राथमिक स्रोत अन्तर्गत अनुसन्धानकर्ताले अध्ययनको उद्देश्य अनुरुप अन्तर्वाता, घरधुरी सर्वेक्षण, अवलोकन, सामुहिक छलफल, वैयक्तिक अध्ययन विधीवाट तथ्याङ्कहरू

संकलन गरिएको थियो यसैगरी द्धितीय स्रोत अन्तर्गत केन्द्रिय तथ्यांक विभाग, गाविस को कार्यालयबाट प्राप्त तथ्याङ्क, विभिन्न विद्वानवाट हालसम्म प्रकाशित कृतिहरु र सम्वन्धित पत्रपत्रिका लेख रचनाहरू प्रतिबेदनबाट आबश्यक तथ्याङ्कहरू संकलन गरिएको थियो ।

### ३.४.१ अध्ययन क्षेत्रमा प्रवेश

यस अध्ययनका क्रममा अनुसन्धानकर्ता स्वयं सार्की समुदायमा गएर यस क्षेत्रको आफूसँग सँगै पढेकी साथी सविता नेपालीलाई भेटेँ र आफ्नो अनुसन्धानको विषयवारे वताए । उनको सहयोगमा मलाई स्थानीय मानिसहरुसँग सम्पर्क स्थापना गर्न सजिलो भयो । उनी मार्फत नै गाउँका महिला तथा पुरुषसँग चिनजान गर्न सजिलो भयो । उनकै सहयोगमा ६ वटा घरधुरीमा घरधुरी सर्वेक्षण फारम भरे । त्यसै माध्यमबाट अन्य उत्तरदातासँग सम्बन्ध स्थापना गर्न सजिलो भयो । ६ जना महिला र ३ पुरुषलाई मुख्य उत्तरदाताको रुपमा अन्तर्वाता लिएकी थिएँ । अन्तर्वार्ताका प्रश्नहरु संरचित र असंरचित दुवै प्रकृतिका रहेका थिए । अन्तवार्तामा लिँदा दलित महिलाहरुको सामाजिक आर्थिक अवस्था साथै निर्णय प्रक्रियामा उनीहरुको सहभागिता, दलित पुरुषहरुको महिलाप्रतिको धारणा, छोरी, वुहारी र सासुको हैसियत कुन ठाउमा कस्तो रहने जस्ता विषयहरुसँग सम्बन्धित भई सबै क्षेत्र समेट्ने गरी तथ्यहरु संकलन गरिएको थियो ।

### ३.४.२ घरधुरी सर्वेक्षण

यस अध्ययनको विषयवस्तुको मुख्य केन्द्रविन्दु घरपरिवार भएकाले घरपरिवारसँग सम्बन्धित तथ्यांकहरू घरधुरी तथ्यांक सर्वेक्षणबाट लिइएको थियो । घरधुरी सर्वेक्षणबाट सार्की जातिका मानिसहरुको उमेर, लिङ्ग, वैवाहिक स्थिति, पेशा साथै अध्ययनको उद्देश्य अनुसार कृषि, पशुपालन,घरको सरसफाई, किनवेच आदिमा हुने निर्णय प्रक्रिया जस्ता विभिन्न विषयवस्तुमा केन्द्रित रहेर प्रश्नपत्र निर्माण गरी लगिएको थियो । चाडपर्वको समयमा अध्ययन क्षेत्रमा गईएको हुँदा धेरैजसो घरमा परिवारका सदस्यहरु सवै जना घरमा नै भएको पाइयो । सबै सदस्यहरू घरमा नै भएको हुँदा घरमुलीबाट प्रश्न सोधिएको थियो । घरधुरी सर्वेक्षणबाट केबल सामाजिक तथा जनसांख्यिकी तथ्यांकहरू मात्र संकलन गर्न सजिलो भएन कि मुख्य उत्तरदाताहरूको चयन गर्न पनि सजिलो भयो ।

### ३.४.३ मुख्य उत्तरदातासँगको अन्तर्वार्ता

अनुसन्धानको विषयबारेमा जानकारी हासिल गर्न ६ जना महिला र ३ पुरुषलाई मुख्य उत्तरदाताको रुपमा अन्तर्वाता लिएकी थिएँ । अन्तर्वार्ताका प्रश्नहरु संरचित र असंरचित दुवै प्रकृतिका रहेका थिए । अन्तवार्तामा लिँदा दलित महिलाहरुको सामाजिक आर्थिक अवस्था साथै निर्णय प्रक्रियामा उनीहरुको सहभागिता, दलित पुरुषहरुको महिलाप्रतिको धारणा, छोरी, वुहारी र सासुको हैसियत कुन ठाउमा कस्तो रहने जस्ता विषयहरुसँग सम्बन्धित भई सबै क्षेत्र समेट्ने गरी तथ्यहरु संकलन गरिएको थियो ।

### ३.४.४ अवलोकन

अध्ययन छनौटमा परेको यस गाउँको सामाजिक वस्तुस्थिति,गाउँको अवस्थिति खेतबारी, सार्की महिलाहरुको सामाजिक तथा आर्थिक क्रियाकलापमा सहभागिता, उनीहरुको भेषभुषा, उनीहरुले परिवारमा गर्ने काम, एक अर्का प्रतिको व्यवहार, पुरुषले घरभित्र गर्ने काम, के कस्ता कामहरू महिलाले गर्ने काम, महिलाहरुको घरपरिवारमा रहेको स्थान दिईएको छ, के कस्ता निर्णयहरुमा महिलाहरु सहभागी हुन्छन् र कुन-कुन क्षेत्रमा गरिने निर्णयमा पुरुष सहभागी हुन्छन् ,घरायासी क्रियाकलाप एवं निर्णयमा महिला सहभागिता कस्तो छ आदि वारेमा असहभागिमूलक ढङ्गले अवलोकन गरी आबश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४.५ सामुहिक छलफल

यस विधीमा अनुसन्धानकर्ताले उपस्थित जनसंख्याबाट ६/६ जनाको समुह बनाई सामुहिक छलफल विधीवाट तथ्याङ्क संकलन गरिएको थियो । सामुहिक छलफलका लागि जस्तै छोरी- छोरीको एउटा समुह ,त्यस्तै गरी वुहारीहरुको एउटा समुह ,सासु सासुको एक अर्को समुह बाबुहरुको छोराहरुको छुट्टाछुट्टै विभाजन गरी सामुहिक छलफल गरिएको थियो । सार्कीहरुको सामाजिक आर्थिक अवस्था, महिलाहरुको व्यक्तिगत अवस्था,दलित महिला हरु पछि परेका छन् या छैनन् ?छन् भने पछि पर्नुका कारणहरु के के हुन् ?समाजमा महिलाहरुले पुरुषवाट र पुरुषहरुले महिलाबाट के कस्ता सहयोग पाउनुभएको छ, छोरी वुहारी र सासु जस्तो नाता सम्वन्धमा रहेर काम गर्नुपर्दा कसलाई वढि सजिलो हुन्छ जस्तो लाग्छ ?आदि समुहमा वहस गर्न सकिने प्रश्नहरुमा केन्द्रित रहेर सामुहिक छलफल गरि

तथ्याङ्क संकलन गरिएको थियो । सामूहिक छलफल उनीहरुकै घरछेउको चौतारीमा र आगनमा बसेर गरिएको थियो ।

## ३.५ तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

अनुसन्धान क्रममा संकलन गरी ल्याएका तथ्याङ्कहरुलाई एस पी एस एस वाट संख्यात्मक र प्रतिशतमा निकाली  वर्गीकरण गरी विश्लेषण गरिएको छ । संकलित संख्यात्मक तथा गुणात्मक तथ्याङ्कहरुलाई विषयवस्तुको आधारमा वर्गीकरण गरिएको छ ।

## ३.६ अध्ययनको सिमा

- विद्यार्थीको शोधपत्र अन्तर्गत समाजशास्त्र मानवशास्त्र स्नातकोत्तर तहको आंशिक कार्य परिपुर्ति गर्न तयार पारिएको छ ।
- एउटा विषयको मात्र अध्ययन गर्नुपर्ने भएकोले बृहत क्षेत्रलाई समेटिएको छैन ।
- अध्ययन क्षेत्रको छनोट सुक्ष्म भएकोले र सार्की जातिका महिलालाई मात्र केन्द्रित गरी अध्ययन गरिएकोले सम्पूर्ण दलित महिला वर्गको निर्णय प्रक्रियामा रहेको स्थान र भूमिकालाई प्रतिनिधित्व नगर्न पनि सक्छ ।
- यो अनुसन्धान cross-sectional research method बाट गरिएको हुँदा सार्की महिलाहरुको भूमिकामा आएको परिवर्तनलाई ऐतिहासिक दृष्टिबाट हेरिएको छैन । केबल वर्तमान अबस्थामा महिला र पुरुषहरुको भूमिका र स्थान के छ त्यसलाई चित्रण गर्ने कार्य मात्र गरेको छ ।
- यो अध्ययनमा लैंगिक दृष्टिकोणवाट हेरिएको हुँदा  अन्य प्रकार्यात्मक, प्रतिकात्मक दृष्टिकोणवाट हेरिएको छैन । त्यसैले गर्दा महिला र पुरुषको घरायासी निर्णय पक्रियामा उनीहरुको सामाजिक मुल्यमान्यताले कसरी निर्धारण गरेको हुन्छ भन्ने कुरामा मात्र केन्द्रित रहेको छ ।

# अध्याय ४

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ घैयार गाउँ एक परिचय

घैयार गाउँ पर्वत जिल्लाको ५५ गा.वि.स. मध्ये पिपलटारी गा.वि.स. मा पर्दछ । उक्त गा.बि.स. सदरमुकाम कुष्मा वजारदेखि २ किलोमिटर टाढा उत्तर दिशामा रहेको छ । यस गा.बि.स.को पूर्वमा ठुलिपोखरी गा.बि.स. , पश्चिममा कटुवाचौपारी गा.बि.स. ,उत्तरमा पकुवा गा.बि.स. र दक्षिणमा शंकरपोखरी गा.बि.स. रहेका छन् । जनसांख्यिक हिसावले पिपलटारी गा.बि.स.को जम्मा जनसंख्या ५,१५१ रहेको छ , जसमध्ये पुरुषको जनसंख्या २,५६० (४९.७०%) रहेको छ र महिलाको जनसंख्या २५९१ (५०.३०%) रहेको छ । यसरी हेर्दा महिलाको जनसंख्या पुरुषको भन्दा केही बढी देखिन आउँछ । यस अध्ययन क्षेत्रमा सार्की जातिका अतिरिक्त दमाइ कामी ब्राह्मण,क्षेत्री जातिको पनि बसोबास रहेको छ । गा.बि.स.भरी नै सार्की जातिको जनसंख्या जम्माजम्मी ६४३ रहेको छ जसमध्ये ३२४ पुरुष र महिला ३१९ रहेको छ (स्रोत गा.बि.स.२०६८) ।

यस क्षेत्रका अधिकांश मानिसहरु हिन्दु धर्म मान्दछन् र नगन्य रुपमा क्रिश्चियन धर्म मान्दछन् । अध्ययन क्षेत्रमा मन्दिर हरुपनि रहेका छन् । करिव १०० वर्ष पुरानो पुर्णेश्वर महादेवको मन्दिर यहाँको प्रमुख आकर्षण स्थल हो । ब्राह्मण समुदायको वीचमा रहेको उक्त मन्दिरमा घैयार गाउँका सार्कीहरुलाई भीत्र पसी पुजा गर्न भने मनाई गरेको पाईयो । अध्ययन क्षेत्रको घैयार गाउँमा सार्की जातिले नै वनाएको मन्दिर त छ तर यो भत्कन लागे जस्तो देखिन्छ । आफ्नो जातको मन्दिर रहनु र ब्राम्हणको मन्दिरमा सार्की जातिले पुजा गर्न नपाउनुले सार्की र ब्राम्हणबीच सामाजिक विभेद रहेको थाहा पाउन सकिन्छ । यस अध्ययन क्षेत्रका मानिसले लगाउने पोशाकहरुमा पुरुषहरु कछाड कमिज कोट जुत्ता टोपी दौरा सुरुवाल सर्ट पाइन्ट लगाउँदछन् भने महिलाहरु पुरै शरिर ढाक्ने गरी सारी, चोलो, पेटिकोट अनि चुरा सिन्दुर पोते प्रयोग गर्दछन् । महिलाहरुले शीरदेखि खुट्टासम्म ढाक्ने गरी लुगा लगाउनु भनेको महिलाहरुमा सामाजिक गतिशिलतामा स्वतन्त्रता छैन भन्ने देखाउँछ

(Bhasin, 2001) । हाल यस भेषभुषमा परिवर्तन देखिएको छ महिलाहरु कुर्ता सुरुवाल, लुंगी, टिसर्ट लगाउने गर्दछन् भने पुरुषहरु टिसर्ट पाइन्ट लगाउने गरेको पाइएको छ । बुढाबुढीहरुको पोशाक र युवापुस्ताको पोशाकमा पनि फरकपन पाइएको छ । यसरी पोशाकको लगाईको परिवर्तनले पनि महिलाहरु परम्परागत सामाजिक गतिशिलतामा परिवर्तन आउन थालेको भन्न सकिन्छ । यस क्षेत्रमा मनाइने प्रमुख चाडपर्वहरुमा दशैं, तिहार, वैशाखे पुर्णिमा, माघे संक्रांन्ति, असारे पन्ध्र, चैते दशैं , जनै पूर्णिमा , फागु पूर्णिमा आदि पर्दछन् ।

### ४.१.१ अध्ययन क्षेत्रको सामाजिक संरचना

पिपलटारी गा.वि.स मा जम्मा जम्मी तीन ओटा प्राथमिक तहको सरकारी स्कुल छन् भने २ ओटा माध्यामिक स्कुल रहेका छन् । त्यस्तै गरि कक्षा एक सम्म वोर्डिङ स्कुल पनि हालै मात्र खोलिएको छ । यहाँ कुनै अस्पताल छैन, खाली नेपाल सरकार द्धारा सन्चालित एउटा उपस्वास्थ्य चौकी मात्र रहेको छ । उक्त स्वास्थ्य चौकी पनि घैयार गाउँभन्दा आधा घण्टाको दुरीमा छ । उत्तरदाताहरुको अनुसार अ.हे.ब. प्रायगरी स्वास्थ्य चौकी नबस्ने गरेको बताए । यसरी अ.हे.ब. स्वास्थ्य चौकी नभेटिने भएकोले उपस्वास्थ्य चौकीवाट बिरामी पर्दा उपचार गराउन नसकेको कुरा स्थानीय सार्की समुदायले बताए । अध्ययन क्षेत्र सदरमुकाम कुष्मा वजार भन्दा एक घन्टा टाढा भएको भए तापनि यातायातको सुबिधाको स्थिति भने राम्रो छैन । हिउँदको समयमा सानो जिपहरु अध्ययन क्षेत्र सम्म नै पुग्ने भएपनि वर्खायाममा बाटो विग्रने हुँदा आवतजावतको लागि पैदलै हिँड्नुपर्ने हुन्छ । नेपाल टेलिकमद्धारा वितरित मोवाइल सुविधा उपलव्ध छ यस वाहेक एफ एम, रेडियो टेलिभिजन पनि सञ्चार साधनको माध्यम वन्न पुगेको छ ।  यस अध्ययन क्षेत्रमा विद्युतको सुविधा उपलब्ध छ यद्यपि विद्युतको उपयोग अन्य क्षेत्रमा नभएर खाली वत्ती वाल्नमा मात्रै प्रयोग गरेको देखिन्छ ।

### ४.१.२ गाउँको अर्थतन्त्र

यस गाउँका मानिसहरु जीविकोपार्जनको लागि विभिन्न पेशाहरुमा संलग्न रहेको पाईन्छ । मुख्य पेशाको रुपमा खेतीपाती गरेको पाईयो । उर्वर भुमि हुनु, सिँचाइको सुविधा हुनुले पनि यहाँका मानिसहरुलाई खेतिपाति गर्न सजिलो भएको पाइयो ।  यस गाउँको मुख्य

खेतीमा धान मकै गहुँ कोदो आलु आदि हुन् भने फलफुलहरुमा केरा, नास्पाती, सुन्तला, आदि रहेका छन् । तर अध्ययन क्षेत्रका घैयार गाउँको सार्की समुदायमा प्रशस्त जग्गाजमिन नभएको पाइयो । (हेर्नुहास पेज ३०, तालिका ४) भएको पनि अलि रुखो भएको त्यहाँका स्थानीयहरुले बताए । यहाँका मानिसहरुको बुझाइमा रुखो भन्नाले सबै मौसमको अनाज नफल्ने, सिँचाइ सुबिधामा कठिनाइ रहेको जग्गालाई जनाउँछ । त्यसैले गर्दा खतीपातीबाट नै वर्षभरी खान नपुग्ने बताए । यस गाउँमा वसोवास गर्ने सार्की जातिका मानिसहरुको अर्को मुख्य पेशा पशुपालन हो । पशुपालनमा यहाँका मानिसहरु गाई गोरु सुँगुर भैंसी कुखुरा पाल्ने गरेको पाईयो ।

## ४.२ आर्थिक स्थिति

अध्ययन क्षेत्रमा समुदायका अधिकांशसँग आफुलाई वर्षभरि खान पुग्ने जग्गाजमिन पनि छैन भएको जग्गा जमिनमा पनि त्यति उव्जनि नहुने र पाखोवारी सिचाई गर्न गाहो हुने खेतहरु रहेको पाईयो । अध्ययन क्षेत्रका २५ घरधुरी मध्ये ४ प्रतिशतसँग त जग्गा जमिन नै छैन तर पनि उनीहरु आँफुलाइ चिनाउँदा कृषक नै भनेर चिनाउँछन् र आफ्नो मुख्य पेशा कृषि नै भएको बताए । यसरी आफ्नो जग्गाजमीन प्रशस्त नभएको हुँदा उनीहरु अर्काको जग्गाजमिन ठेक अधियामा कमाएका छन् भने कतिले अर्काको घरमा गएर पनि खेतवारीमा नै काम गरेर आफ्नो छाक टार्ने गरेको पाइयो ।

### ४.२.१ जग्गाजमिनको विवरण

जग्गाजमिन मानिसको महत्वपूर्ण आम्दानीको स्रोत हो नेपाल सरकारले जग्गाजमिनलाई रोपनीमा मापन गरेतापनि यहाँका सार्की जातिले जग्गा जमिनको विवरण सोध्दा हलमा मापन गरेको पाइयो । त्यहाँ हल भन्नाले एक दिनभरिमा एक हल गोरुले कति जग्गा जोत्न सक्छ त्यसलाई बुझाउँछ । त्यसैले गर्दा उनीहरुसँग भएको जग्गा रुखो भएको र जोत्न समय लाग्ने भएकोले उनीहरुले बताएको एक हलमा पनि धेरै जग्गा पर्न आउँदैन । सार्की जातिको जग्गा जमिनको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २: सार्की समुदायको जग्गाजमिनको विवरण

| **जग्गाजमिनको विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| जग्गाजमिन नै नहुने | १ | ४.० |
| १-२ हल | ११ | ४४.० |
| ३-४हल | ८ | ३२.० |
| ५-६हल | १ | ४.० |
| ७-८हल | २ | ८.० |
| ९-१०हल | १ | ४.० |
| ११+ | १ | ४.० |
| जम्मा | २५ | १००.० |

श्रोतः कार्यक्षेत्र अध्ययन,२०६८

जग्गाजमिनबाट मानिसको आर्थिक स्थिति मापन गर्न सकिन्छ । जग्गाजमीन मानिसको आर्थिक उपार्जनका साधन मात्र नभई उनीहरुको सामाजिक तथा राजनैतिक हैसियतलाई निर्धारण गर्दछ (रेग्मी,१९९९) । यसरी सामाजिक रुपमा बहिस्कृत भएका यहाँका सार्कीहरु आर्थिक रुपले पनि अन्य जातिको तुलनामा निम्न स्थानमा रहेका छन् ।

तालिकां २ बाट के पुष्टी हुन्छ भने अध्ययन क्षेत्रका सार्की समुदायमा एक घरपरिवार बाहेक सबैसँग केहि जग्गाजमिन छ । तर त्यसबाट उत्पादन भएको अन्नबालीले वर्षभरी खान नपुग्ने बताए । एकदेखि दुई हल जग्गाजमिन हुने ४४ प्रतिशत देखिन्छ । त्यस्तै गरि एघार हल भन्दा माथि हुने पनि जम्मा ४ प्रतिशत देखिन्छ । अध्ययन क्षेत्रका अधिकांश घरमा सदस्य संख्या बढी भएकोले आफुसँग भएको जग्गाले खान नपुग्ने कुरा एक सार्कीले वताए ।

अध्ययन क्षेत्रका जम्मा पच्चीस घरधुरीमध्ये जम्मा ८ प्रतिशत घरमा मात्रै आफुसँग भएको जग्गाले खान पुग्ने बताए भने भन्ने बाँकी ९२ प्रतिशतले खान नपुग्ने बताए । यसबाट के पुष्टी हुन आउँछ भने सार्की जातिसँग प्रशस्त जग्गा जमिन छैन र भएकोले पनि खान पुग्दैन । खाद्यान्न जुटाउनको लागि विभिन्न पेशाहरु अपनाएको पाइयो । त्यसैले वर्षभरिलाई खानको लागि के गरि जुटाउनुहुन्छ त भन्ने प्रश्नमा धेरै घरमा अर्काको

जग्गाजमिन कमाएर खान पुऱ्याएको पाइयो भने कतिले काम गरेको ठाउँमा नै काम गरिदिएवापत अन्न लिएर आएर पुऱ्याउने गरेको वताए । त्यस्तै परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा गएको घरमा चामल किनेर खाएर निर्वाह गरेको वताए । तालिकामा अध्ययन क्षेत्रका सार्की समुदायमा के गरि वर्षभरिलाई खान जुटाएका छन् भन्ने कुरा देखाइएको छ ।

तालिका ३: वर्षभरीलाई खाद्यान्न जुटाउनको लागि अवलम्वन गरिएको तरिका

| तरिका | संख्या | प्रतिशत |
|---|---|---|
| ज्यालामजदुरी गरेर | ४ | १७.३९ |
| किनेर | ५ | २१.७३ |
| ठेकअधियामा जग्गा कमाएर | ७ | ३०.४३ |
| ज्यालामजदुरी र जग्गा कमाएर | ५ | २१.७३ |
| किनेर तथा जग्गा कमाएर | २ | ८.६९ |
| जम्मा | २३ * | १०० |

* दुईघरमा आफुसँगै भएको जग्गाले खान पुग्ने भएकोले तालिकामा समावेश नगरिएको


श्रोतः स्थलगत सर्वेक्षण,२०६८

तालिकामा जम्मा खान नपुग्ने तेइस घरमध्ये सवैभन्दा बढी ३०.४३%ले जग्गा ठेकअधियाँमा कमाएर खान पुयाउनेको देखियो भने किनेर ल्याउने २१.७३ % देखियो । ज्यालादारी गरेर जुटाउनेको १६% देखियो र ज्यालादारी पनि गर्ने र ठेक अधियामा पनि कमाउनेको २१.७३% देखियो त्यस्तै गरि किन्ने पनि र ठेक अधियाँ कमाउने पनिको संख्या ८.६९% देखियो । यसरी हेर्दा सार्की जातिहरु सवैभन्दा वढी आफुलाई खान जुटाउन अर्काको जग्गामा भर पर्नु परेको देखियो । आफुसँग जग्गा जमिन थोरै भएको तर काम गर्ने श्रमशक्ति धेरै भएकोले अर्काको जग्गा जमिन कमाउनुपरेको उनीहरुले वताए । अन्न उब्जनी त्यति धेरै भएन भने असिनापानी पयो भने पनि ठेक्कामा बोलेको जति पुयाउनै पर्ने भएकोले घाटा पनि हुन जान्छ तर पनि घाँस परालको लागि भएपनि अर्काको जग्गा कमाउनै पर्ने बाध्यता भएको वताउँछन् ।

### ४.२.२ महिलाको जमिन माथिको स्वामीत्वको अवस्था

नेपाली समाजमा पैतृक सम्पत्तिमाथि महिलाको न त अधिकार न त स्वमित्व नै रहन्छ । यस अध्ययन क्षेत्रका महिलाहरुको  पनि आफ्नो नाममा पैतृक सम्पत्ति रहेको पाइएन तर श्रीमान नभएको महिलाहरुको  हकमा भने उनीहरुको नाममा मात्र पैतृक सम्पत्ति रहेको पाईयो । पैतृक सम्पत्ति वाहेक अन्य ब्यत्तिगत कमाईबाट किनेको सम्पत्तिमा पनि महिलाको स्वामित्वमा कमै मात्रामा रहेको पाईयो ।  यहाँको सार्की समुदायमा पैतृक सम्पत्ति भन्दा पनि अन्य व्यक्तिगत कमाईवाट जग्गा पछि किनेर थपिएको पाईयो । यस अध्ययन क्षेत्रमा महिलाको स्वामित्वमा रहेको जग्गाजमिनको अवस्थालाई चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र २:महिलाको स्वामित्वमा रहेको जग्गाजमिनको विवरण




### ४.३ प्रमुख आयस्रोत

अध्ययन क्षेत्रका मानिसहरु जीविकापार्जनका लागि विभिन्न पेशाहरुमा संलग्न रहेको पाईयो पेशागत आम्दानीको मुख्य स्रोत तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४: अध्ययन क्षेत्रका सार्कीहरुको मुख्य पेशाको विवरण

| पेशा | संख्या | प्रतिशत |
| --- | --- | --- |
| ज्यालादारी | १० | ४०.० |
| वैदेशिक रोजगारी | ८ | ३२.० |
| कृषि | ६ | २४.० |
| सरकारी सेवा | १ | ४.० |
| जम्मा | २५ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिकामा जम्मा २४ प्रतिशत ले मात्रै आम्दानीको लागि कृषि पेशामा भर परेको पाइयोभने ज्याला मजदुरी गर्नेको संख्या १० रहेको छ जुन ४० प्रतिशत मात्र हुन आउँछ। तालिका नं ४ अनुसार सवैभन्दा वढि ज्याला मजदुरी गर्नेको संख्या पाइयो आफूसँग आयआर्जनको अर्को स्रोत नहुँदा र खेती गर्ने प्रशस्त जग्गाजमिन नहुँदा मजदुरी पेशा अपनाउन परेको उनीहरुले बताए। (हेर्नुहोस तालिका २) विदेश गइ आय आर्जन गर्नेको प्रतिशत ३२ रहेको छ। बिदेश जाने मुख्य ठाउँ भने साउदी, मलेसीया, भारत आदि रहेको पाइयो । लेखापढिको लागि भन्दा पनि अन्य काममा जाने भएकोले राम्रो आम्दानी नआउने उनीहरुले बताए। बिदेश गएर कमाउनेमा पुरुषहरु नै भेटिए। महिलाहरु भने विदेश गएको एउटै पनि पाइएन। सरकारी सेवा लाई आम्दानीको मुख्य स्रोत मान्ने घर जम्मा चार प्रतिशत मात्र भेटियो। यहाँका मानिसहरुमा सरकारी सेवा हाम्रो लागि होइन , हामी दलितहरुलाई सरकारी सेवामा लागेर अघि वढ्न अरुले दिँदैनन् भन्ने धारणा रहेको भेटियो। युवापुस्ताले भने सरकारले दिएको समावेशी कोटावाट सरकारी सेवामा लाग्न हौसला मिलेको वताए। यसबाट के स्पष्ट हुन्छ भने यहाँका मानिसहरुमा सांस्कृतिक र सामाजिक रुपमा नै सार्वजनिक क्षेत्र भनेको अन्य जातिको हो र कृषि वा मजदुरी भनेको सार्की जातिको हो भन्ने रहेको पाईयो। जुन कुरालाई नेपालको मुलुकी ऐनले बैधता दिएको थियो। यद्यपि यो मान्यता नयाँ पिढीहरुमा विस्तारै बिस्तारै परिबर्तन भएको देखिन्छ।

## ४.४ कृषिमा महिला सहभागिता

नेपालको अर्थतन्त्रको मेरुदण्ड भनेको कृषि नै हो। कृषि कार्यमा महिलाहरुको

ब्यापक सहभागिता रहेको पाईयो ।  अध्ययन क्षेत्रका अधिकांश महिला घरधन्दा भ्याएर पनि कृषि कार्यमा समावेश भएको पाइयो । महिलाहरुको व्यापक सहभागिता रहँदारहँदै पनि अध्ययन क्षेत्रका महिला र पुरुषले समान कामका लागि समान म गर्दा पाउने ज्यालादरमा भने भिन्नता पाईयो । पुरुषले दिनभरिमा ५०० रुपैया कमाउँदा महिलालाई दिनभरिमा जम्मा २५० रुपैयाँ दिइँदोरहेछ ।यसै सन्दर्भमा एक जना उत्तरदाताले बताए, पुरुष भनेको पुरुष नै हो उसका हात पाखुरा दरा हुन्छन आईमाई मान्छेले जति काम गरेपनि पुरुषले जति गर्न सक्दैनन्  । त्यस्तै कामको चाप नभएको बेला यीनीहरुको ज्यालादर घट्दो रहेछ, हिउँदको समयमा खेतवारीमा काम कम हुँदा मोलमोलाइ गरि कम मुल्यमा समेत काम गर्न वाध्य हुन्छन् । ५०० ज्यालादर रहेकोमा १०० मात्र पाउँदा पनि काम गर्न बाध्य हुन्छन्  । किन यति थोरैमा काम गर्नुहुन्छ त भन्ने प्रश्नमा एक उत्तरदाता भन्दछन्- घरमा त्यतिकै बस्नु भन्दा त्यति नै भएपनि साथसाथै खान पनि पाइने हुँदा एक छाक भएपनि घरको खाना बच्छ । त्यस्तै कामको हतारोको वेला असार र मंसिर जस्तो बेलामा तोकिएको ज्यालादर भन्दा वढि पनि कमाउँछन् । यस अध्ययन क्षेत्रमा घरको खेतीपाती अन्न उब्जाउने काममा महिला पुरुषको सहभागिता के कस्तो रहेको छ  भन्ने तालिका ५ ले बताउँछ ।

तालिका ५: अन्न उब्जाउने काममा महिला पुरुष सहभागिताको विवरण

| सदस्य | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ६ | २५ |
| पुरुष | १ | ४.१६ |
| दुवै | १७ | ७०.८३ |
| जम्मा | २४* | १०० |

*एक घरपरिवारको खेतीपाती नभएकोले तालिकामा समावेश नगरिएको

श्रोतः कार्यक्षेत्र अध्ययन,२०६८

तालिकामा ७०.८३ % महिलापुरुष दुबै मिलेर कृषि कार्यमा लागेको पाईयो भने २५ % महिला मात्रै र ४.१६ % पुरुष मात्रै सहभागि रहेको पाईयो । वैदेशीक रोजगारीमा गएका घरमा महिला मात्रैले कृषि कार्य गरेको भेटियो जम्मा एक घरमा पुरुष मात्रै कृषि कार्यमा लागेको पाइयो । बाँकी एक घरमा कृषि कार्य नै नगरेको पाइयो ।  यसरी हेर्दा उक्त समाजमा महिलाको खेतीपाती कार्यमा सहभागिता उल्लेख्य रहेको पाइयो ।

**घटना १:**

*पैंतालीस बर्षीय मैनाको श्रीमान कतार गएको चार बर्ष भइसकेको छ । उनको खेत र बारी गरेर जम्मा दुई हलको रहेको छ । उनी घरको कामसँगै खेतीपातीको काम पनि आँफैले धानेकी छन् । उनी एक्लैले अर्मपर्म गरेरै भएपनि रोपाईको बेलामा हली, खेताला जुटाउँछिन् । कामको हतारोको बेला मान्छे नपाइने भएकाले आइमाइ केटाकेटी मात्रै भएको घरमा कृषि कार्य गर्ने काम सारै कठिन हुने उनको अनुभब छ । जोत्ने, खन्ने काममा पुरुष नै चाहिने तर पुरुषको ज्याला महंगो हुने भएकाले आफु दुई दिन काममा गएर मात्रै जम्मा एक दिन लोग्ने मान्छेलाई काममा बोलाउन पाइन्छ , उनले भनीन् । मैना मात्रै होइन यसै गरेर खेतीपाती लगाउने यहाँ अरु पनि घर छन् ,जसका श्रीमान बिदेश गएका छन् ।*

### ४.५ पशुपालन

अध्ययन क्षेत्रका सार्कीहरुले कृषिका अतिरिक्त पशुपालन गरेको पाइयो । पशुपालनमा गाई, वाखा,गोरु, कुखरा,सुगुर, भैसी, राँगो पालेको पाइयो । जसलाइ तालिका ६ मा देखाइएको छ ।

तालिका ६: सार्कीहरूले पालेको पशुपालनको विवरण

| पशुपन्छी | जम्मा | प्रतिशत |
|---|---|---|
| कुखुरा | ५५ | ४४.७ |
| सुँगुर | २१ | १७.१ |
| बाखा | १८ | १४.६ |
| भैसी | ८ | ६.५ |
| पाडापाडी | १६ | १३.० |
| गाई | ३ | २.४ |
| राँगो | २ | १.६२ |
| जम्मा | १२३ | १००.० |

श्रोत: कार्यक्षेत्र अध्ययन,२०६८

यहाँका सार्कीहरुले गाइभैसी भन्दा पनि वढि कुखुरा सुगुर पाल्ने गरेको पाइयो । कुखुरा सुगुरलेफोहोर पनि खाने र अन्न पनि धेरै खुवाउन नपर्ने भएकोले यसलाई पाल्न सजिलो भएको उनीहरुले बताए । तर सार्की समुदायको दृष्टिकोणवाट हेर्दा कुखुरा तथा सुँगुरको सामाजिक तथा आर्थिक महत्व धेरै देखिन्छ । सामाजिक संस्कारहरु जस्तै देवीदेवतालाइ भाकल गर्न, परपाहुनालाई खुवाउन चाहिने भएकोले र थोरै लगानीले छिटो उत्पादन दिने भएकोले र चाहिएको वखत तुरुन्त वेच्न सकिने भएकोले पनि कुखुरा तथा सँगुरपालनमा सार्की समुदायको मोह वढेको देखिन्छ । त्यस्तै पाडापाडी मात्रै पाल्नेहरु पनि धेरै भेटिए । यहाँ साहुकहाँवाट पाडी ल्याएर पाल्ने र भैसी तुल्याएर वेचेको पैसा आधा आधा वाँड्नेचलन रहेको पाईयो । यसरी पालिने वस्तुहरुलाई खुवाउने अनाज भने साहुले नै वेहोर्नुपर्ने चलनरहेको सार्कीहरु वताउँछन् । अध्ययन क्षेत्रका सार्की जातिमा प्रशस्त जग्गाजमिन छैन तर पनि जग्गाजमिन हुनेहरुको बाहुनहरुको जग्गाजमिन नै कमाएर भएपनि पशुपन्छीको लागि आहारा जुटाएको पाइयो ।

## ४.६ पशुपालन रेखदेखमा महिला सहभागिता

अध्ययन क्षेत्रका सार्की जातिका महिलाहरुको पशुपालनको रेखदेखमा ब्यापक सहभागिता रहेको पाईयो । घाँस काट्ने, गोवर फाल्ने, पातपतिङ्गर सोहोर्ने काम यहाँका महिलाहरुले आफै गर्दछन् । कहिलेकाहिँ पुरुषहरुले पनि महिलाहरुलाई सहयोग गरेको पाईयो तर यसबाट आएको पैसा श्रीमानको नेतृत्वमा रहने कुरा स्थानीयले बताए । कतिपय महिलाले त आफ्नो पेवाको रुपमा वाख्रा कुखुरा पाल्ने गरेको पाइयो । उनीहरुले आफ्नै कमाईले मात्र किन्ने र त्यसबाट आएको पैसा पनि कसैलाई नदिने गर्दा रहेछन् । धेरै जसो महिलाले माइतीवाट ल्याएको दुई चार पैसा र काम गरेर ल्याएको दुइ चार पैसा जोडेर पेवाको रुपमा वाख्रा कुखुरा पाल्ने गरेको पाइयो । उनीहरुले यसवाट आएको पैसा पनि चुराधागो आदिमा आँफुखुसी खर्च गर्ने गरेको वताए । यसले के देखाउँछ भने स्वामित्व महिलामा हुँदा त्यसको नियन्त्रण पनि महिलाले नै गर्दारहेछन् । यदि महिलाको स्वामित्वमा छैन भने त्यसको नियन्त्रण महिलाको हुँदोरहेनछ । यहाँका महिलाहरु ज्यालादारीमा हिँड्ने भएको हुँदा छोराछोरीहरु पनि वस्तुभाउलाई पानी पराल दिने काममा जुट्ने गरेको पाईयो ।

यसरी जुन ग्रामीण समाज खेतीपाती पशुपालनमा आश्रित छन् त्यस्ता समाजमा छोराछोरी पनि श्रमको मुख्य श्रोत हुने रहेछ ।

तालिका ७: पशुपालन रेखदेखमा परिवारको सहभागीताको विवरण

| परिवारका सदस्य | संख्या | प्रतिशत |
|---|---|---|
| वावु | १ | ४.० |
| आमा | ७ | २८.० |
| छोराछोरी | ३ | १२.० |
| परिवारका सवै सदस्य | १४ | ५६.० |
| जम्मा | २५ | १००.० |

श्रोतः कार्यक्षेत्र अध्ययन,२०६८

तलिका ७ मा के देखिन्छ भने पशुपालनको रेखदेखमा सवैभन्दा वढी परिवारका सवै सदस्यहरु ५६ प्रतिशत संलग्न भएको पाइयो । यस अध्ययन क्षेत्रमा धैरै जसो संयुक्त परिवार रहेकोले परिवारमा जो घरमा रहेको मौका पर्दछ उसैले वस्तुलाइ पानी पराल दिने गरेको पाईयो । महिलाहरुको सहभागिता २८ प्रतिशत रहेको छ जबकी पुरुषको सहभागिता प्रतिशत जम्मा ४ छ । अवलोकनका क्रममा यस समाजमा वावुले घरमा अरु सदस्य भएसम्म आँफुले काम गर्नुभन्दा पनि छोराछोरी र श्रीमतीलाई काम लगाउने गरेको पाईयो । जुन कुरा हरेक पितृसत्तात्मक समाजमा पाउन सकिन्छ (Bhasin,2001)। यस समुदायमा पशुपालनको रेखदेखमा पनि महिला र पुरुषको बीचमा श्रम विभाजन रहेको पाईयो । सामान्यतया, गोवर सोहोर्ने, पातपतिंगर वटुल्ने,घाँस काटने काममा महिलाहरु सहभागिता रहेको पाईयो भने गाईवस्तु दुहुने, चराउन लैजाने, डालावुटा झार्ने जस्ता काम पुरुषहरुले गर्ने गरेको भेटियो ।

### ४.७ सामाजिक आर्थिक वस्तुस्थिति

#### ४.७.१ उमेर र लिङ्गका आधारमा घैयार गाउँको सार्कीको जनसंख्या

उमेर र लिंग अनुसार पनि निर्णय गर्ने प्रक्रियामा प्रभाव परिरहेको हुन्छ । हरेक समाजमा लिंग र उमेर अनुसार सामाजिक दायित्व दिइएको हुन्छ । अध्ययन क्षेत्रको सार्की

जातिहरुको जम्मा जनसंख्या १७७ रहेको पाइयो । त्यसमा महिलाको जनसंख्या ९५ थियो र पुरुषको जनसंख्या ८२ रहेको पाइयो । यसलाई उमेरको आधारमा तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८: उमेर र लिंगका आधारमा सार्की गाउँको जनसंख्याको स्थिति

| उमेर | लिंग | | | | जम्मा |
|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | |
| | सख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ०-१४ | ९ | ५.१ | १९ | १०.७ | २८ |
| १५-५९ | ६२ | ३५.० | ६६ | ३७.४ | १२८ |
| ६० + | ११ | ६.२ | १० | ५.६ | २१ |
| जम्मा | ८२ | ४६.३ | ९५ | ५३.७ | १७७ |

श्रोत: स्थलगत सर्वेक्षण,२०६८

तालिकां ८ अनुसार सार्की समुदायमा महिला र पुरुषको जनसंख्याको स्थिति हेर्दा पुरुषको भन्दा महिलाको जनसंख्या वढि देखियो । यसो हुनुमा सार्की समुदायमा पनि छोरीलाई भन्दा छोरालाइ वढि महत्व दिएको पाइयो । बुढेसकालको सहारा छोरा नै हुने र पछि छोरीलाई अर्काको घरमा दिनुपर्ने भएकाले पनि छोरा पाउने रहरमा छोरी छोरी जन्मन गई छोरीको जनसंख्या धेरै हुन गएको भनी मुख्य उत्तरदाताहरुले वताए । उदाहरणको लागि त्यहाँको पारिवारिक संरचना हेर्दा पनि ५बटी छोरी हुँदा पनि छोरा पर्खेर ५ वटी छोरी पश्चात छोरा पाएको पाइयो भने लगातार २ छोरा पाउनेले अर्को बच्चा नपाएको पनि भेटियो ।

### ४.७.२ पारिवारिक संरचना

यस भेगका सार्की समुदायले परिवार भन्नाले एउटै धुरीमा वसी एउटै भान्सामा खाना खाने आमा वावु छोरा छोरी रहेको समुहलाई वुझ्दा रहेछन् । यस क्षेत्रका परिवार एकल र संयुक्त गरि दुई प्रकारमा विभाजित भएको पाइयो । एकल परिवारमा वावु आमा र अविवाहित छोराछोरी मात्रै रहेका छन् भने संयुक्त परिवारमा वावु आमा छोरा छोरी वाहेक अविवाहित छोराछोरी हजुरवुवा हजुरआमा नाति नातिनी तथा अन्य सदस्यहरु एकै ठाउँमा

वसेर एउटै भान्सामा खाना खाने गरेको पाइयो । तीन घरमा वुहारी मात्रैले छुटै अलग चुलो बाली खाना खाने गरेको पनि अवलोकन क्रममा भेटियो । उसको श्रीमान र छोराछोरीले सासु ससुरासँग खाने तर वुहारीले मात्रै अलग खाएको देख्दा किन यस्तो त भनेर सोधिएको प्रश्नमा उनीहरुको एउटै उत्तर थियो, काममा हिड्नुपर्ने टन्न नखाएसम्म काम गर्न नसकिने तर भाँडामा वुहारीको भाग रहेपुगे मात्रै खान पाइने र तरकारीमा पनि पछि नुनपानी थपिएको खानुपर्दा कठिन भएकोले अलग खानुपरेको बताए तर यसरी खानमा ससुराको र श्रीमानको सहमति नै रहेको वताए । तर उनीहरु आफुलाई छुटिएको भन्न चाहेनन् । फीकी डेट ले तामाङ समुदायमा चुला अलग हुने बित्तिकै परिवार अलग भएको बताएका छन् गर यहाँको सार्की समुदायमा पनि चुलो अलग भएपनि उनीहरु आफुलाई छुट्टिएको मान्दैनन् ।

अध्ययन क्षेत्रको सार्की समुदायको पारिवारीक संरचनाको विवरण  तालिका ९ मा प्रस्तुत गरिएको छ ।

तालिका ९: परिवार संख्याको विवरण

| **पारिवारीक संरचना** | **घरधुरी संख्या** | **प्रतिशत** |
|---|---|---|
| एकात्मक परिवार | १० | ४०.० |
| सयुंक्त परिवार | १५ | ६०.० |
| जम्मा | २५ | १००.० |

श्रोत: कार्यक्षेत्र अध्ययन,२०६८

तालिका ९ मा एकात्मक परिवारको संख्या १० र संयुक्त परिवारको संख्या १५ रहेको पाइयो । यसरी अध्ययन क्षेत्रको सार्की समुदायमा एकात्मक भन्दा संयुक्त परिवार वढी पाइयो ।  मुख्य कारण सार्की जातिको जग्गा जमिन प्रशस्त नभएकोले  छुट्टीँदा त्यहि भएको जमिन पनि टुक्रने हुँदा  र वर्षभरी खाना पुर्‍याउन, अर्काको जमिन कमाउन पाखुराको भरमा नै जीवन निर्वाह गर्नुपर्ने वाध्यता भएकोले एकल परिवारमा भन्दा संयुक्त परिवारमा नै वस्ने गरेको सार्की जातिले वताए । यसको अलावा वालवच्चा हुर्काउन र साँझ विहान निमेकमा हिँड्न पनि संयुक्त परिवारमा रहँदा सजिलो हुने उनीहरुको अनुभव छ ।

### ४.७.३ सार्की जातिको शिक्षाको अवस्था

यहाँका मानिसहरुले शिक्षाले जिविकोपार्जनमा सहयोग पुर्‍याउँने ठान्दारहेछन् ।

निर्णय प्रक्रियामा पनि शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

अध्ययन क्षेत्रको शैक्षिक अवस्था हेर्दा फरक फरक रहेको पाईयो । अहिले सरकारले दलितको शैक्षिका स्थिति सुधार गर्ने हेतुले विभिन्न छात्रवृत्तिहरु पनि दिइराखेको छ । तर पनि यस अध्ययन क्षेत्रका सार्की जातिहरुको शैक्षिक स्थिति कमजोर नै रहेको पाइयो । अध्ययनका क्रममा अभिभावक मीनवहादुर भन्दछन् " हामी तल्लो जातिले जति पढे पनि माथि जान दिँदैनन् आखिर हलो नै जोत्ने हो दुई चार अक्षर पढेर हरहिसाव गर्न जाने भई हाल्यो वढ्ता पढाउनु हुँदैन । सवै अभिभावकले आफ्ना छोराछोरीलाई विद्यालय त पठाएका छन् तर उपलव्धी भने देखिएन । विचमै पढाई छाड्नेहरु धेरै भेटिए । अध्ययन क्षेत्रका सार्की जातिको शिक्षाको स्थितिलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १०: सार्की जातिको शिक्षाको विवरण

| शिक्षाको तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| साक्षर | १७ | १२ | २९ |
| असाक्षर | ३० | ३४ | ६४ |
| प्राथमिक | १३ | ९ | २२ |
| निम्न माद्यामिक | ८ | ५ | १३ |
| माद्यामिक | ७ | १८ | २५ |
| उच्च माद्यामिक | ५ | ७ | १२ |
| स्नातक | २ | ० | २ |
| जम्मा | ८२ | ८५ | १६७ |

श्रोतः स्थलगत सर्वेक्षण,२०६८

तालिका १० का अनुसार निरक्षरको संख्या वढी भेटियो । पुरुषहरुको तुलनामा महिलाहरु वढी निरक्षर पाईयो । एक जना मुख्य उत्तरदाताका अनुसार गाउँमा प्रौढ शिक्षा सन्चालन भएपछि नै प्रौढ शिक्षा लिन थाले त्यसपछि यहाँको साक्षरता पनि बढ्यो । यसभन्दा आठ दस वर्ष अघि गाउँका धेरै मान्छेले अक्षर चिनेका थिएनन । उत्तरदाताका अनुसार प्रौढ शिक्षाबाट यस भेगका महिला भन्दा पुरुष वढि लाभान्वित भएको पाईयो । यसो हुनमा महिलाहरुले वाहिरको काम अनि घरभित्रको काम सकेर मात्र पढ्न जाने भएको

र पुरुषहरुले घरको चुलोचौको वच्चाको स्याहार गर्ने काम गर्नुनपर्ने भएको हुँदा  समयमै कक्षा लिन पुग्ने तथा कक्षा नछुटाउनाले पनि पुरुष साक्षरता संख्या महिलाको भन्दा वढी देखिएको हो भन्ने कुरा सामुहिक छलफलको क्रममा उत्तरदाताहरुले वताए । त्यस्तै तालिका अनुसार प्राथमिक तहको शिक्षामा पनि केटाहरुको संख्या भन्दा केटीहरुको संख्या न्युन देखियो । निम्न माद्यामिक तहसम्म केटाहरुको संख्या वढी छ । त्यहाँको समाजमा पनि छोरी मान्छे पढ्नु भन्दा पनि घरको काममा पख्त हुनुपर्छ भन्ने सोचाई रहेकाले गर्दापनि यहाँका मानिसहरुले छोरीलाई निम्न र माद्यामिक तहमा केटीहरुको संख्या न्युन देखिएको हो । माद्यामिक तथा उच्च माद्यामिक तहमा आएर केटाहरुको संख्याको तुलनामा केटीहरुको संख्या बढी देखिन्छ । तर स्नातक तहमा जम्मा दुई जना पुरुष मात्रै पुग्न सकेको देखिन्छ । उच्च शिक्षासम्मको अध्ययन गाउँमै गर्न सकिने तर स्नातक तहको अध्ययन गर्न टाढा जानुपर्ने भएकाले यस्तो भएको हो । यहाँ स्नातक अध्ययन गर्नलाई अध्ययन क्षेत्रबाट १ घन्टा  हिँडी जिल्ला सदरमकाम कुष्मा जाननपर्ने हन्छ । खर्च  समय तथा केटि मान्छे रातबिरात एक्लै हिड्न नहुने सँधै एकनास नहने भएकोले छोरीले पढने रहर गर्दागदै स्कुल पठाउन नसकिएको एक उत्तरदाताले बताए । केटा उत्तरदातासँग सोध्दा, भोलीका दिनमा बाबा आमा र घरपरिवार हेर्ने दायित्व छोरामा नै हन्छ त्यसैले गर्दा आज कमाउन त पऱ्यो नी भन्ने उत्तर पाइयो । त्यसैले माद्यामिक तहमा आइसक्दानसक्दै केटाहरुको विदेश जाने तथा पैसा कमाउन अन्य कामतिरको आकर्षण बढ्दै गरेको पाइयो । निशुल्क शिक्षा,दलितहरुलाई छात्रवृतिको शुरक्षा आदि विविध कारणले वच्चाहरुलाई विद्यालय पठाउन यहाँका अभिभावक प्रोत्साहित भएपनि जव उनीहरु ठुला कक्षामा पुग्छन् तव उनीहरुलाई स्कुल छुटाएर वाहिरको काम गराउन लगाईन्छ । यसो गर्दागर्दै विद्यार्थीले पनि उसले दिनभरीमा पाउने ज्याला र छात्रवृतिको रकम तुलना गर्छ  विद्यालय छाड्छ ।

### *घटना २:*

*सबिता नेपालीको जन्म २०४४ सालमा भएको हो हाल उनको उमेर २५ छ । उनले एस एल सी  सम्मको अध्ययन गरेकी छन् भने हाल गाउँकै प्रा बि मा राहत कोटामा अध्यापन गर्छिन् । जेठी छोरी भएकोले घरमा वावुआमालाई सघाउनुपर्ने र भाईवैनी पढाउनुपर्ने भएकोले पढाउनतिर लागेर पढ्न छाडिन । उनका दुई वैनी र एक भाई छन् । घरमा हुने के कस्ता काममा सहभागि छौ र के कस्ता काममा निर्णय लिने गर्दछौ भनेर सोधिएको प्रश्नमा*

*उनी आफुलाई  घरमा हुने धेरैजसो कामको वारेमा थाहा हुने र निर्णय लिने कुरामा पनि आमा वावु दुवैको सरसल्लाह हुने गरेको वताउँछीन् । प्रायस २० –२२ को उमेरका आफ्ना दौंतरीहरुले विहेवारी गरिसके पनि भाईवैनीहरुलाई आँफुले दुख गरेर भएपनि उच्च शिक्षा हासिल गराउने उनको धोको छ । परिवारमा उनको कमाईले धेरै सहयोग पुगेको छ र घरायासी कामकाजमा के गर्ने या के नगर्ने भन्ने सवालमा उनी सँग निर्णय लिएर मात्रै काम अघि सारिन्छ - उनकी आमाले भनिन् । हरहिसाव, विउवीजन किन्ने सरसफाई,खेतीपाती, भाईवैनी पढाउने खर्च सवै क्षेत्रतिर उनको सहयोग चाहिन्छ । उनी आफ्नो घरमा हुने निर्णयमा  वावु आमा छोराछोरी सवैको सहभागिता रहेको वताउँछिन् । सविताले यी सवै कुरामा पारिवारिक वातावरण, आर्थिक अवस्था,पुरुष सदस्यमा रहेको सोचले पनि फरक पार्ने वताउँछिन् । उनको घरमा बुवाले आठ कक्षासम्म अध्ययन गरेकाले आँफुलाई समेत पढ्न प्रेरणा मिलेको ठान्दछिन् । आर्थिक अवस्था त्यति वलियो नभएपनि उनको घरमा सुमधुर पारिवारिक वातावरण छ । काम गर्न जाँदा पनि सँगै हरवखत सँगै रहने मिलेर काम गर्ने सविताका बाबुलाई समाजका अरु परिवारले जोइटिङ्ग्रे भन्ने उपमा दिन्छन् उनले भनिन सविताको घरपरिवारको सरसफाई मिलेमतो रहनसहन देखेर सार्की गाउँका वाहुन पनि भन्ने गर्दारहेछन् ।*

यस घटना अध्ययनले पनि के स्पष्ट पार्दछ भने शैक्षिक अबस्थामा सुधार आउने बित्तिकै मानिसको घरभित्र बिभिन्न किसिमका निर्णय गर्ने पक्रियामा पहुँच हुन जान्छ साथै निर्णायक भूमिका खेल्न पुग्दछन् ।

## ४.८ सार्की समुदायलाई अन्यले हेर्ने दृष्टिकोण एवं सार्की महिलाहरुको पुरुषप्रतिको दृष्टिकोण

### ४.८.१ सामाजिक सम्बन्ध

यस  अध्ययन क्षेत्रका सम्पुर्ण सार्की समुदायको सामाजिक आर्थिक अवस्था नाजुक रहेको  पाइयो । घरमा आम्दानीको वलियो स्रोत नहुँदा र अर्काको घरमा ज्यालादारी गरेर पेट पाल्नुपरेकोले यहाँका सार्कीहरुको आर्थिक अवस्था कमजोर रहेको पाईयो । समाजमा सार्कीलाई तल्लो जात भनेर हेप्ने प्रवृत्ती रहेको पाईयो । साइतको वेलामा हिँड्दा खेरी देखिए

भने साइत नपरेको ठान्ने गर्दारहेछन् यहाँका वाहुनहरुले । त्यस्तै छोइछिटो हाल्नुपर्ने चलन पनि रहेछ । यसवाट आम सार्कीहरुको सामाजिक स्थिति कमजोर रहेको प्रष्ट हुन्छ । एकातिर दलित हुनको पिडा अर्कोतिर दलितमा पनि महिला हुनको पिडाले यहाँका सार्की महिलाहरु दोहोरो पिडाको मारमा पर्न गएको वुभियो । यहाँका सार्कीहरु विना वाहुनको खेत समेत जोतिँदैन,खन्न, भारी वोक्न,घाँस काट्न यीनीहरुको नै सहयोग चाहिन्छ यद्यपि सार्कीलाई हेयको दृष्टिले हेरिन्छ । उत्तरदाताका अनुसार यतिसम्म की उनीहरुलाई काम गर्न गएको बेलामा सँधै एउटै भाँडा, कुच्चिएकोमा दिने र त्यो भाँडा अलग राख्ने पनि गरिन्थ्यो । त्यस्तै यहाँका सार्कीहरुको पनि अन्य जातिकहाँ नगईकन गुजारा चल्न नसकेको पाईयो । त्यसैले अध्ययन गरिएको सार्की समुदाय र अन्य जातिको बिचमा अन्तरसम्वन्ध साथै विभेद पनि रहेको पाइयो ।

### ४.८.२ आर्थिक सम्बन्ध

सार्की महिलाहरुको सामाजिक आर्थिक अवस्था कस्तो रहेको छ त भन्ने प्रश्नमा यहाँका महिला भन्दछन्–समाजमा अपहेलित भएर वस्नपरेपछी सामाजिक स्थिति कस्तो छ भन्नु र? समाजमा हुने सामाजिक कार्यमा सहयोग गर्नपरेको बेला आँफै जानुपर्छ तर भोज खान जानुपर्यो भने आफु जान सुहाँउदैन श्रीमान नै जानुपर्छ यसले पनि त्यहाँका सार्की समुदायको महिलाको स्थिति त्यति वलियो नभएको वताउँछ । कुलो वन आदी विषयमा वैठक वस्नुपर्दा  छलफल गर्नुपर्दा घरवाट  को जानुहुन्छ त भनेर सोधिएको प्रश्नमा यहाँका सार्की महिलाहरु आफुलाई त्यति फुर्सद नहुने र श्रीमान नै जाने भएकोले आँफुलाई त्यति चासो नभएको वताए । समग्र सार्की समुदायको आर्थिक स्थिति कमजोर रहेकोमा सार्की महिलाहरुको स्थिति भनै कमजोर देखियो ।  सँगसँगै दिनभरी एकै समयमा एकै किसीमको काम गर्दा पनि उनीहरुले पाउने ज्यालामा असमानता रहेको गुनासो एक सार्की महिलाले पोखिन् । घरमा साँभ विहान काम गरेर दिउसोमा श्रीमानसँगै काम गर्न हिँड्नुपर्ने वाध्यता यहाँका धेरै जसो महिलाको छ । महिलाको कार्यबोभ पुरुषको तुलनामा अत्याधिक देखिन्छ । यसरी दुख गरेर कमाएको पैसा पनि के के मा खर्च भयो भनेर एक एक  हिसाव श्रीमानलाई  वुभाउनुपर्ने श्रीमानले भने कहाँ खर्च गरेको छ भन्ने पत्तो नै नहुने कुरा एक सार्की महिलाले बताइन् ।

# अध्याय पाँच

## सार्की महिलाहरुको घरायासी निर्णय प्रक्रियामा सहभागिता

हरेक समुदायमा महिला र पुरुषको काम गर्ने आ आफ्नो क्षेत्र रहेको हुन्छ । जसलाई मानिसले सामाजिकीकरणको माध्यमवाट सिक्ने गर्दछन् । यसलाई सामाजिक मुल्य मान्यताले प्रभाव पारेको हुन्छ । अध्ययन क्षेत्रका सार्की समुदायमा पनि महिला र पुरुषको घरायासी काममा हुने सहभागिताको क्षेत्र फरक-फरक रहेको पाईन्छ  जसलाई उनीहरुको परम्परागत मुल्यमान्यताले र सामाजिकीकरणको प्रक्रियाले प्रभाव पारेको पाइयो । यस अध्यायमा घरायासी काममा हुने सहभागिताको वारेमा विस्तृत रुपमा ब्याख्या गरिएको छ ।

### ५.१ घरमा हुने विभिन्न काममा महिला पुरुष सहभागिता

महिलाहरुको कार्य समयको गणना सामान्य किसिमवाट र घाण्टाको मापनबाट गर्नु न्यायसंगत हुदैन। महिलाहरुले २ वा २ भन्दा वढि काम एकैचोटी गर्ने गरेको सन्दर्भमा उनीहरुको वास्तविक कार्यवोझ पहिचान गर्न विशेष तरिका अपनाउनुपर्दछ । एकजना महिलाले वाहिर भित्र काम गर्दा वच्चावच्चीको हेरचाह गर्ने गोठालो जाँदा दाम्लो वाट्ने,लुगा धुने जस्ता सँगसँगै गरिने कामले उनीहरुको कार्य समय सामान्य देखिए पनि कार्यवोझ उच्च देखिन्छ ।  महिलाहरु घरायासी कार्यमा पुरुषको तुलनामा बढि नै लागि परेका हुन्छन् । महिलाहरु घरलाई मुख्य कार्यथलो बनाउन बाध्य हुन्छन् । यो स्थिति सार्की समुदायका महिलाहरुमा पनि देखियो । छलफलको क्रममा तपाइँकहाँ के कस्ता काम महिलाले गर्ने गरेको र के कस्ता काम पुरुषले गर्नेगरेको पाउनुहुन्छ भन्ने प्रश्नमा निम्न उत्तर पाईयो ।

तालिका ११: महिला तथा पुरुषले गर्ने कार्यको विवरण

| महिलाले गर्ने काम | पुरुषले गर्ने काम |
|---|---|
| - खाना वनाउने<br>- सरसफाई, लिपनपोतन | - दाउरा चिर्ने<br>- खेत जोत्ने |

| | |
|---|---|
| ) कुटानी पिसानी, निफन्ने केलाउने<br>) घाँस काट्ने<br>) अन्नबाली रोप्ने गोड्ने<br>) दाउरा खोज्ने | ) भारी वोक्ने<br>) खेतवारीमा पानी लगाउने |

त्यस्तै काममा भएको विभाजन जस्तै निर्णय गर्ने कुरामा पनि फरक पर्ने गरेको पाईयो । खानामा के खाने? कुटानी पीसानीमा को जाने? वच्चावच्चीलाई कुन लुगा लगाईदिने? चाडपर्वमा कसरी सामान जुटाउने जस्ता कुरामा महिलाले निर्णय गर्ने भएपनि घरमा उत्पादित सामान विक्री वितरण गर्ने, पशुपन्छी बेचविखन गर्ने,कसको घरमा काम गर्न जाने जस्ता कुरामा पुरुषको निर्णय हुने गरेको कुरा सामुहिक छलफलमा वताउँछन ।

**घटना ३:** *एक सार्की महिलाको दैनिक जीबन : एक दिनको अबलोकन*

| |
|---|
| *३२ वर्षीया गोमा नेपाली बिहान सबेरै उठ्छिन् । बढारकुँढार ढोका पोत्ने काम सकेर धाराबाट पानी बोकेर ल्याउँछिन् । अगेनोमा आगो फुक्ने, कुँडो बसाल्ने काम सकेर गोठको धन्दा भ्याईवरी उनी वच्चाबच्चीलाई स्कुल जान तयार पार्छिन् । सासुले खान दिएको खाना खाइ भाँडा माझीवरी दिनभरी अर्काको मेलापात जान्छिन् । बेलुकाको खाना खाई दिनभरीको कमाइको पैसाले घरमा सकिएको नुन तेल लिएर आफ्नो घरतिर फर्किन्छिन् र बेलुकाको गोठको धन्दा वस्तुलाइ पराल दिने बाखालाई खोरमा हुल्छिन् । उनी काम गर्न गएकै ठाउँमा खाना खाए पनि उनकी सासुले घरमा भाँडा राखिदिएकी हुन्छिन् । साँझको भाडा माज्छिन । यसरी उनका एकदिन समाप्त हुन्छ ।* |

## ५.२ सरसफाईमा रहेको सहभागिता

सरसफाईपनि समाज र संकृतिको एउटा पाटो हो । यस अध्ययन क्षेत्रको सार्की समुदायमा त्यति सफा देखिएन । पुराना पुस्तामा भन्दा नयाँ पुस्ता सरसफाई सम्वन्धमा सचेत भएको पाइयो । वुढापाकाहरुले खाना खाँदा हात नधोइकनै खाने लगाएको लुगा पनि

मैला देखियो भने युवाहरु यस कुरामा अलि सचेत रहेको देखियो । बुढाबुढी मात्र भएको घरमा भन्दा स्कुले केटाकेटी भएको घर सफा देखियो ।यसले शिक्षाको प्रभाब परेको भन्न सकिन्छ । सरसफाई गर्ने कार्यमा परिवारमा रहेका सदस्य संख्याको सहभागिताको स्थिति तालिकावाट पुष्टी गर्न सकिन्छ ।

तालिका १२: सरसफाई गर्ने कार्यमा भएको सहभागिताको विवरण

| सदस्यहरु | संख्या | प्रतिशत |
|---|---|---|
| आमा | ५ | २०.० |
| छोरा | २ | ८.० |
| छोरी | १४ | ५६.० |
| अन्य | ४ | १६.० |
| जम्मा | २५ | १००.० |

श्रोतः कार्यक्षेत्र अध्ययन,२०६८

तालिकामा सवैभन्दा वढि ५६ प्रतिशत छोरीहरु सरसफाईमा संलग्न भएको देखिन्छ । आमाको प्रतिशत २० रहेको छ भने छोराको संलग्नता जम्मा ८ प्रतिशत देखिन्छ । सरसफाई गर्ने काम छोरीहरुले आफ्नो काम ठान्नु साथै छोराहरुले लीपपोत कुचो छुने कामलाई त्यति राम्रो रुपमा नलिइने यहाँको संस्कार रहेकाले पनि यस्तो देखिएको हो ।

## ५.३ खाना वनाउने काममा सहभागिता

जुनसुकै समाजमा खाना वनाउने काममा धेरै जसो महिला सदस्यहरुको सहभागिता रहेको पाईन्छ । घरभित्रको काममा महिलाहरु नै अग्रसर हुने गर्दछन् । यस अध्ययन क्षेत्रको सार्की समुदायमा पनि सोहि मान्यता नै लागु भएको पाइयो । खाना वनाउने काममा रहेको संलग्नता स्थितिलाई तालिका १० मा प्रस्तुत गरिएको छ ।

तालिका १३: खाना वनाउने काममा रहेको सहभागिताको विवरण

| सदस्य | संख्या | प्रतिशत |
|---|---|---|
| वावु | ३ | १२.० |
| आमा | ७ | २८.० |
| छोरा | ४ | १६.० |
| छोरी | ११ | ४४.० |
| जम्मा | २५ | १००.० |

श्रोत: कार्यक्षेत्र अध्ययन २०६८

तालिका अनुसार सवैभन्दा वढि खाना वनाउने काममा छोरीहरु (४४%) संलग्न छन् । वावुको प्रतिशत निकै कम (१२%) छ । लोग्ने मान्छे भएर अगेनामा आगो फुकेर वस्छ भनेर जिस्काउनेहरु पनि यहाँ रहेकाले वावुहरु खाना वनाउने काममा संलग्न नरहेको पाईयो । आमावुवाहरु निमेकमा काम गर्न जाने र उतै खाना खाएर आउने हुँदा स्कुलवाट आउने घरमा खाना वनाएर भाईवैनीलाई खुवाउने काममा यीनीहरुको भागमा पर्न जाने पाईयो । वुहारीहरुलाई सकेसम्म भान्साको तालाचावी नदिने गर्दारहेछन् । जुन कुरा बेनेटले बाहुन समुदायमा पनि रहेको बताएकी छन् । वुहारीलाई घरवाहिरको खेतीपातीको काम,गोठको कामको जिम्मा दिइने तर खाना वनाउने काममा नलगाउने गरेको पाईयो । छोरीले भान्सामा काम गर्दा जतनसँग गर्ने तर वुहारीले काम गर्दा मायाले नगर्ने पोख्ने अड्कलेर नपकाउने गर्दछन् अरुको घरवाट आएकाहरुलाई माया हुँदैन - एक सार्की महिलाले बताइन् ।

## ५.४ वच्चावच्चीको रेखदेखमा रहने सहभागिता

साना नानीहरु ऋाफ्नो काम आँफै गर्न नसक्ने हुँदा परिवारका अरु ठुला सदस्यको सहारा लिनुपर्ने हुन्छ । भोक लागेको बेला थाहा पाएर खान दिने, दिसा पिसाव गराइदिने,लुगाधुने,आदि कामहरु गर्नुपर्ने हुन्छ । यस्तो कामलाई महिलाको जिम्मेवारीको रुपमा पनि लिइने गरिएको पाईन्छ । अध्ययन क्षेत्रमा वच्चावच्चीको रेखदेखमा रहेको सहभागिताको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४: वच्चाबच्चीको रेखदेखमा रहेको सहभागिताको विवरण

| सदस्य | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १ | ४.७६ |
| महिला | १६ | ७६.१९ |
| दुवै | ४ | १९.४ |
| जम्मा | २१* | १०० |

* चार घरमा साना वच्चावच्ची नै नभएकोले तालिकामा समावेश नगरिएको

श्रोत: कार्यक्षेत्र अध्ययन २०६८

तालिकामा नानीको रेखदेखमा लाग्नेमा सवैभन्दा बढि महिलाहरु ७६.१९ प्रतिशत रहेको पाईयो । महिलाहरुलाई नै वच्चाले खाएनखाएको थाहा हुने, महिलाहरु आफ्ना वच्चाहरुको वारेमा हरवखत  चनाखो हुने गरेको पाईयो ।  एक सानी नानीकी आमाले भनिन् की वावु विहान उज्यालो हुँदा काममा गएको राति घर फर्कन्छन् वच्चा स्याहार त के कुरा लिन पनि भ्याउँदैनन् । जम्मा ४.७६ प्रतिशत पुरुषले मात्रै वच्चाको स्याहार गरेको पाईयो । बच्चाको जन्म दिने क्रममा रगतको कमि भई आमाको मृत्यु भएकोले आँफुले नै वच्चाको स्याहार गरेको उनले बताए । दुवै महिला पुरुष मिलेर वच्चाको स्याहार गर्नेहरु जम्मा १९.४  प्रतिशत मात्रै रहेको पाइयो । यी सवै एकल परिवारमा वस्नेहरु थिए । श्रीमान श्रीमती बाहेक घरमा अर्को मान्छे नहुँदा मिलेर वालवच्चाको स्याहार गर्नुपरेको वताए ।

# अध्याय छ

# विभिन्न क्षेत्रको घरायासी निर्णयमा सार्की महिलाहरुको स्थिति

यस अध्ययायमा अध्ययन क्षेत्रका सार्की महिलाहरुको घरायासी निर्णय प्रक्रियामा के कस्तो स्थिति तथा भूमिका रहेको छ र कुन विषयमा पुरुषले निर्णय गर्छन् र कुन विषयमा महिलाले निर्णय गर्छन् र कुन विषयमा वच्चाबच्चीले समेत निर्णय गर्छन् भन्ने विषयमा जानकारीको लागि अध्ययन क्षेत्रबाट प्राप्त तथ्यांङ्कको विश्लेषण गरिएको छ ।

## ६.१ सामाजिक सांकृतिक निर्णय

### ६.१.१ विवाह गर्ने

हरेक समाजमा विवाह कहिले गर्ने? कसरी गर्ने ? कोसँग गर्ने ? भन्ने आ आफ्नै नितीनियमहरु रहेको हुन्छ । विवाह एक किसीमको सामाजिक सम्वन्ध स्थापना गर्ने संस्था भएको हुँदा विवाह गर्ने कुरा आँफैमा महत्व रहेको हुन्छ । यो हरेक समाजमा फरकफरक रहेको पाईन्छ जुन कुरा घैयार गाउँका सार्की समुदायमा पनि पाउन सकिन्छ ।

तालिका १५: विवाहमा हुने निर्णय

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| वावु | ६ | २४.० |
| आमा | १ | ४.० |
| छोराछोरी आँफआफै | ४ | १६.० |
| परिवारका सवै सदस्य | १४ | ५६.० |
| जम्मा | २५ | १००.० |

श्रोतः स्थलगत सर्वेक्षण,२०६८

तालिकाले स्पष्ट पार्दछ कि विवाहमा हुने निर्णयमा आमाको निर्णय भन्दा बाबुको निर्णय रहने गर्दछ । २४ प्रतिशत बाबुको निर्णयमा छोराछोरीको बिहे हुने गरेको पाइयो भने जम्मा ४ प्रतिशत मात्रै आमाको निर्णय मान्य हुने गरेको पाईयो । १६ प्रतिशत

छोराछोरी आँफआँफै बिहेको निर्णय गर्ने पाइयो । परिवारका सवै सदस्यहरुको रोहवरमा ५६ प्रतिशत मात्र छोराछोरीको विहे हुने  गरेको पाइयो ।  यद्यपी सवैपरिवारलाई चित्त वुझे पनि बाबुको मन परेको छैन भने त्यो बिबाह हुन नसक्ने परिवारका अन्य सदस्यको भनाई छ । अध्ययन अवलोकन क्रममा जुन घरमा आर्थिक अवस्था एकदमै नाजुक छ त्यो घरमा छोराछोरी आफैले बिहेको निर्णय गरी भागी बिहे गरेको पाइयो । आफुसँग बिहेबारी भोजभतेर गरिदिने २-४ पैसा खर्च गरेर बिहे गरिदिन नसकिने बाध्यताका कारण छोराछोरीलाई आफुखुशी बिहे गर्दा समेत केही भन्न नसकेको पाइयो । आफुसँग बिहे गरिदिने पैसा नभएकोले खर्च नै जागियो भन्न पर्ने स्थिति रहेको एक उत्तरदाताले बताए । जुन घरमा अलिक आर्थिक स्थिति अलिक मजबुत देखिन्छ त्यस घरमा छोराछारीको बिहेको निर्णय बाबुको हातमा रहेको भेटियो । आर्थिक स्थिति बलियो भएको घरमा बाबले  बिहेमा पनि भोज गर्न, छोरीको बिहेमा दाइजो दिन सक्ने भएकाले उ आफैले भनेको ठाउँमा बिहे गर्न पहल गर्छर छोराछोरीलाइ आफनो कब्जामा राख्छ  । यसको बिपरित जन घरमा प्रशस्त सम्पत्ति छैन त्यस घरमा छोराछोरीले आफै बिहे गरेर ल्याइदिए हन्थ्यो वा गइदिए हन्थ्यो भन्ने हदोरहेछ ।  मध्यम वर्गिय घरमा परिवारका सबै सदस्यहरूले निर्णय गरेको भेटियो ।

### ६.१.२ सन्तान उत्पादनमा

घैयार गाउँमा पनि अन्य समाजमा जस्तै सन्तान  जन्माउने  कुरालाई सामाजिक सांस्कृतिक मुल्य मान्यताले प्रभाब पारेको पाईन्छ ।  अध्ययन क्षेत्रका सार्कीहरुमा कति बच्चा जन्माउने कुन उमेरमा कति अन्तरालमा बच्चा जन्माउने भन्ने कुरामा हने निर्णयलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १६ः सन्तान उत्पादनमा हुने निर्णय

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १३ | ५२.०० |
| महिला | १ | ४.०० |
| दुबै | ११ | ४४.०० |
| जम्मा | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण,२०६८

तालिकामा के स्पष्ट छ भने वच्चाच्ची कति जन्माउने ,कहिले जन्माउने भन्ने कुरामा महिलाको निर्णय पुरुषको तुलनामा कम हुने गर्दछ । जम्मा चार प्रतिशत महिलाले मात्र बच्चा जन्माउने कुरामा आँफै निर्णय गर्दछन् जबकी पुरुषको निर्णय ५२ प्रतिशत रहेको छ । ४४ प्रतिशत निर्णय महिला पुरुष दुबैको सल्लाहमा हुने गर्दछ । कहिले बच्चा जन्माउने कति वच्चा जन्माउने भन्ने कुरामा श्रीमान श्रीमती दुबैको सल्लाह हुन पर्नेमा महिलाको स्थिति  त्यति राम्रो देखिएन ।

***घटना ४:***

| |
|---|
| *चालिस वर्षीया धनमाया नेपालीका हाल चार छोरी छन् । उमेरले नेटोकाटिसकेको भएपनि उनका श्रीमानले छोरा नभए वंश निरन्तरता नहुने र आफ्नो नाम निशान नरहने हुँदा जसरी पनि छोरा पाउनै पर्छ भन्दै  छोरी छोरी पाउनेलाई  राख्दिन भनेर राती राती रक्सी खाएर पिट्ने गरेको वताइन् । श्रीमानको यस्तै कलहले गर्दा आफ्नो ज्यान नै जोखिममा परेर फेरि आमा वन्न थालेको वताइन् । थाहा छैन यसपालि फेरि के हुने हो उनले गहभरि आशु पार्दै भनिन् ।* |

यस घटनाले के देखाउँछ भने महिलाले नचाहँदा नचाहँदै पनि पुरुषहरुले नै वच्चा जन्माउने कुरामा निर्णय गर्दा रहेछन ।  समाजमा छोरा र छोरीप्रतिको बिभेद कायमै रहेको पनि प्रष्ट पार्दछ ।

**६.१.३ औषधी उपचारमा**

यदि परिवारको कुनै पनि सदस्यलाई रोग लाग्यो भने धेरै जसो सार्कीहरु डाक्टरकोमा नै जाने बताए । थोरै ब्यक्ति मात्रै धामीभ्काँक्रीकहाँ फुकफाक गर्न पनि जाने गरेको पाईयो । यहाँका सार्कीहरुले रोगलाई आफ्नै किसीमले परिभाषीत गर्दा रहेछन् । कस्ता रोग लाग्यो भने डाक्टरकोमा जाने र कस्ता रोग लागेमा फुकफाक तथा घरेलु औषधीले निको हुन्छ भन्ने उनीहरुसँग आफ्नै धारणा रहेको पाईयो । देवता लागेर विरामी परेको  भए जतिसुकै  डाक्टरी औषधी उपचार गरेपनि नहुने दावी गरिन् एक सत्तरी वर्षीया सार्की महिलाले । तालिकामा डाक्टरकहाँ जानको  लागि कसको निर्णय मान्य हुन्छ भन्ने कुरा  उल्लेख गरिएको छ ।

तालिका १७: औषधीउपचारमा हुने निर्णय

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| बाबु | ६ | २६.०८ |
| आमा | १ | ४.३४ |
| छोरा | ११ | ४७.८२ |
| छोरी | ५ | २१.७३ |
| जम्मा | २३* | १०० |

* २ घरपरिवारहरु डाक्टरकोमा नजाने भएकाले समावेश नगरिएको ।

श्रोत: स्थलगत सर्वेक्षण,२०६८

जम्मा पच्चीस घरपरिवारमध्ये दुई घरपरिवारमा बोक्सी धामीझाँक्री टुनामुनामा मात्र विश्वास गर्ने र अहिलेसम्म डाक्टरी औषधी गर्नुनपरेको वताए भने बाँकी तेइस घरपरिवारमध्ये पनि औषधीउपचारको निर्णय सम्वन्धमा २६.०८ प्रतिशत बाबुको निर्णय हुने पाईयो । जम्मा ४.३४ प्रतिशत आमाको निर्णय मान्य हुने भेटियो । धेरैजसो घरमा ( ४७.८२%) छोराको निर्णय सर्वोपरी हुने गरेको र छोरीको समेत निर्णय मान्ने गरेको पाइयो । यस अध्ययन क्षेत्रका सार्की घरपरिवारमा आँफुहरु अनपढ रहेको र छोराछोरी पढेलेखेकाले उनीहरु नै जान्दछन् भन्ने विश्वास रहेकोले औषधीउपचारमा गरिने निर्णयमा छोराछोरीको निर्णयलाई महत्व दिईएको पाईयो । आमाछोरीका तुलनामा वावु छोराको निर्णय बढी मान्य रहेको कुरा तालिकाले वताउँछ।

### ६.१.४ चाडपर्वमा आवश्यक हुने सरसामानको जोरजाममा हुने निर्णय

हरेक समाजमा आ आफ्नै संस्कार हन्छ । सवैले आ आफनै सामाजिक सास्कृतिक महत्व वोकेका चाडपर्वहरु मनाउने गर्दछन् । सार्की समुदायमा गरेको यस अध्ययनमा चार प्रतशत मात्र क्रीश्चीयन धर्म मान्ने गरेको पाईयो भने वाँकी ९६ प्रतिशत घरमा हिन्दु धर्म मान्ने गरेको र तीज दशै तिहार पुर्णिमा संक्रान्ति जस्ता चाडपर्वहरु मनाउँदै आएको पाईयो । यस्ता चाडपर्वहरुमा छोरी ज्वाईं भान्जा भान्जी परपाहुना आउने गरेको पाईयो । पुर्णिमा संकान्ती औशी जस्ता महिना महिनामा आउने चाडपर्वमा पनि ज्वाइँचेलाहरु आउने र उनीहरुलाई रक्सी र मासुले स्वागत गर्नुपर्ने चलन रहेको यहाँका सार्कीहरुले बताए । यसरी

मनाइने चाडपर्वमा आवश्यक सरसामान जुटाउनमा के सामान कसरी वन्दोवस्त गर्ने भन्ने कुरामा हुने निर्णयलाई  तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १८: चाडपर्वको लागि आवश्यक सरसमान जोड्नमा हुने निर्णय

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| परुष | ५ | २०.० |
| महिला | ८ | ३२.० |
| दुवै | १२ | ४८.० |
| जम्मा | २५ | १००.० |

श्रोत: स्थलगत सर्वेक्षण,२०६८

तालिकाले चाडपर्वमा चाहिने सामान जुटाउनमा महिलाहरुको निर्णय ३२ प्रतिशत रहेको पुरुषको निर्णय २० प्रतिशत र दुबै महिला पुरुष सदस्यको निर्णय ४८ प्रतिशत रहने कुरा स्पस्ट पारेको छ । घरमा पाहुना आउँदा घरभीत्रको खाना वनाउने स्वागत गर्ने  काम महिलाको नै भन्ठान्ने सोचाई सवै सार्कीहरुको रहेको र परपाहुना आउँदा सरसामान जोडजाम गर्न नसके महिलालाई अलच्छिनी भन्ने संस्कार रहेको हुनाले महिलालाई नै के कसरी जुटाउने भन्ने चिन्ता हने गरेको एक सार्की महिलाले बताईन् ।

## ६.२ आर्थिक निर्णय

आर्थिक क्षेत्रमा हने निर्णय घरायासी निर्णय प्रक्रियामा सार्की महिला पुरुषको आर्थिक स्थिति के कस्तो रहेको छ भन्ने करा इङ्गित गर्ने महत्वपर्ण सुचक हो । यस अध्ययन क्षेत्रमा आर्थिक क्षेत्रमा हने निर्णयमा महिला सदस्यहरुको निर्णय भन्दा पुरुष सदस्यहरुको निर्णय सर्वोपरि रहेको पाईयो । जसलाई तल विस्तृत रुपमा व्याख्या गरिएको छ ।

### ६.२.१ घरमा रहेका वस्तुहरुको किनमेलमा हुने निर्णय

आर्थिक रुपमा विपन्न भएपनि यहाँको सार्की समुदाय विश्ववजारबाट प्रभावित भएको पाईयो ।  समअध्ययन क्षेत्रका सार्की समदायमा धेरैजसो घरमा रेडियो विद्यत टि.भी मोवाइल फोन भएको पाईयो । कतिपय उत्तरदाताकहाँ एक वस्तुभन्दा वढी भएको पनि

पाईया । यी प्रविधीहरु कति र यसमा कसको निर्णय रहेको छ भन्ने कुरा  तालिकाले स्पष्ट पार्दछ ।

तालिका १९:घरमा रहेका वस्तुहरुको किनमेलमा हुने निर्णयको बिबरण

| वस्तु | संख्या | निणयकर्ता | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | दुवै |
| रेडियो | २२ | १ | १९ | २ |
| टेलिभिजन | २ | | २ | |
| मोबाईल | १५ | ३ | ५ | ७ |
| विद्युत | २५ | | १२ | १३ |

श्रोतः स्थलगत सर्वेक्षण,२०६८

तालिका अनुसार रेडियो टेलिभीजन आदि वस्तुहरुमा कतिपय घरमा एक भन्दा बढि वस्तुहरु पनि भएको पाईयो । २२ घरमा रेडियो रहेकोमा रेडियो किन्नमा महिला निर्णयमा १ घरमा किनीएको र १९ घरमा पुरुषको निर्णयमा किनीएको र दुवै महिला पुरुषको निर्णयमा रेडियोको आवश्यकता महसुस गरि किनीएको पाईयो । टेलिभिजन जम्मा २ घरमा रहेकोमा दुवै घरमा पुरुषको निर्णयमा किनीएको पाईयो । २५ वटै घरमा विद्युत जडान गरेको पाइएकोमा १२ घरमा पुरुष सदस्यको निर्णयमा र १३ घरमा दवै महिला पुरुष सदस्यको निर्णयमा जडान गरिएको भेटियो । मोवाइल फोनको पहँच १५ घरमा रहेकोमा महिलाको निर्णयमा ३ घरमा मोवाइल किनीएको र ५ घरमा पुरुषको निर्णयमा किनीएको पाइयो । वाँकी ७ घरमा महिला पुरुषको निर्णयमा किनेको पाईयो । रेडियो टेलिभीजन मोवाइल बिद्यत जस्ता प्राबिधीक कुरामा सार्की महिलाहरुको त्यति चासो नरहेको र आँफुसँग यस्ता सामामन किन्नको लागि पैसा पनि नहुने भएको कारण यिनीहरुको निर्णय कम रहेको हो भन्ने वुझिन्छ ।त्यस्तै घरायासी काममै ब्यस्त रहने हँदा यी सामानहरु प्रयोग गर्ने समय हँदैन । हुन त सार्की महिलाहरु निमेकमा काम गर्न पनि हिड्ने भएकाले दुई चार पैसा आफ्नै पाखुराको कमाई हुने वताउँछन् तर यसरी दुख गरेर कमाएको पैसा पनि भान्सामा चाहिने नुन तेलमै खर्च हुने वताउँछन् ।

### ६.२.२ मरमसाला किन्नमा हुने निर्णय

घरमा दिनहुँ चाहिने सामाग्रीहरू जस्तै नुन, चिनी, तेल, दाल, आदीलाई बुझाउँदो रहेछ । घरमा चाहिने यस्ता सामानहरूको किनबेचमा कसले निर्णयक भुमिका खेल्ने गर्दछ भन्ने कुरालाई पनि समाजको सामाजिक संरचना र त्यसमा अन्तरनिहित मुल्य मान्यता आदिले प्रभाव पारेको हुन्छ ।

तालिका २०: मरमसालामा हुने खर्चमा निर्णय सहभागिता

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ७ | २८.० |
| महिला | ११ | ४४.० |
| दुवै | ७ | २८.० |
| जम्मा | २५ | १००.० |

श्रोतः स्थलगत सर्वेक्षण,२०६८

तालिकामा पुरुष सदस्यहरुको निर्णय २८ प्रतिशत ,महिला मात्रको निर्णय प्रतिशत ४४ रहेको पाईयो । त्यस्तै दुवै महिला पुरुष सदस्यहरुको निर्णय पनि २८ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा यस्ता सामान किन्नमा पुरुषको तुलनामा महिलाको निर्णय सहभागिता उल्लेख्य रहेको पाईयो । घरको भान्सामा महिलाले धेरै समय विताउने र मसमसाला के के सकिएको छ भन्ने कुरा महिलालाई नै थाहा हुने भएकोले महिलाको संख्या वढी देखिएको हो।

### ६.२.३ रक्सी किनवेचमा हुने निर्णय

यस अध्ययन क्षेत्रका सार्की समुदायमा रक्सी चाडपर्व भोज भतेर सवैजसो कार्यमा नछुट्ने अतिप्रीय वस्तुको रुपमा रहने गर्दछ । दुखमा होस या सुखमा रक्सीलाई नै प्रयोग गरिने गरिन्छ । तसर्थ रक्सीवाट अलग्याएर यहाँको सामाजिक सांस्कृतिक अध्ययन गर्न सकिँदैन । काममा हिड्नपर्ने हुँदा थकान हटाउँछ भन्ने सोचाई रहेकोले घरमै कोदो भात कुहाएर रक्सी वनाउने चलन अत्याधिक पाइयो । जम्मा पच्चीस घरपरिवारमध्ये १४ घरमा रक्सी वनाएर बेच्ने गरेको पाईयो,८ घरमा खानको लागि मात्रै वनाउने गरेको पाईयो भने वाँकि तीन घरमा रक्सी नै नवनाउने गरेको पाइयो । ,विहे,भोज मर्दा पर्दा सवैजस्तो

समयमा रक्सीले स्वागत गर्नपर्ने भएकोले र यी काम महिलाको नैहो भन्ठान्ने चलन त्यहाँको भएकाले रक्सी वनाउने काममा महिला नै अग्रसर हुने गर्दछन् ।

तालिका २१: रक्सी किनवेचमा हुने निर्णय

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १० | ७१.४२. |
| पुरुष | ४ | २८.५७ |
| जम्मा | १४ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण,२०६८

तालिकामा देखाइए अनुसार सवैभन्दा वढि ७१.४२. प्रतिशत महिलाले रक्सी वेचेर आएको पैसा राख्दछन् । पुरुषले जम्मा २८.५७ प्रतिशतले मात्र रक्सी वेचेर आएको पैसा राख्ने गरेको पाईयो । महिलाहरु आँफै रक्सी वनाउने काममा सरिक हुने र वेचेर आएको पैसा पनि आँफै राख्ने गरेको पाइयो ।

### ६.२.४ अन्न उत्पादन गर्ने कार्यमा हुने निर्णय

यस घैयार गाउँका सार्कीहरुले अन्न उत्पादन गर्ने गरेको पाइयो । कुन वारीमा के रोप्ने ? कति मल राख्ने ? कुन बीउ राख्ने भन्ने सबालमा र हली खेताला कसरी जुटाउने भन्ने सम्वन्धमा हुने निर्णय तालिकाले वताउँछ ।

तालिका २२: अन्न उत्पादनमा हुने निर्णय

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ११ | ४५.८३ |
| पुरुष | ८ | ३३.३३ |
| दुबै | ५ | २०.८३ |
| जम्मा | २४* | १०० |

*एक घरमा जग्गाजमिन नै नभएकोले तालिकामा समावेश नगरिएको

श्रोतः स्थलगत सर्वेक्षण,२०६८

जम्मा पच्चीस घरपरिवारमध्ये एक घरमा जग्गा जमिन नै नभएको पाईयो। भने अन्य चौवीस घरमध्ये महिलाको निर्णय स्थिति वलियो देखियो । यहाँको सार्की समुदायमा धेरै जग्गा जमिन नहुने र पुरुषहरु अर्काकोमा काम गर्न हिड्ने भएकोले छोराछोरीको सहायता लिई आाफै सहभागी हुने गरेको पाईयो ।

## ६.२.५ उत्पादित वस्तु वढि भएकोमा बिकी गर्नमा हुने निर्णय

यस अध्ययन क्षेत्रमा उत्पादित हुने वस्तुहरुमा दुध, तरकारी फलफुल, अनाज, उत्पादित हुने भेटियो तर सवै घरपरिवारमा यथेष्ट नहुने आफैलाई समेत नपुग्ने भएकोले जम्मा ९ घरमा मात्रै अण्डा, कुखुरा,सुँगुर दुध,कोदो वेच्ने गरेको पाईयो । यसरी बेचिने बस्तुहरु दलितहरुले नै किनीदिने गरेको पाइयो । उनीहरुकहाँको उत्पादित वस्तु बाहुनहरुले सिकसिको मान्ने, खान नहुने ठान्ने गरेको यहाँका एक उत्तरदाताले बताए । एक त अहिले खाए भरे के खाउँ भन्ने हुने स्थिति रहेको यस गाउँमा अधिकांश घरमा उत्पादन नै यथेष्ट हुँदैन भने तरकारी, दुध फलफुल उत्पादन भइहाले पनि बाहिरसम्म बिक्रीको लागि लैजान गारो हुन्छ उनले भने । यसमध्ये सवै घरमा यस्ता सामान वेच्नमा पुरुषको निर्णय रहेको पाईयो । महिलाहरुले बेचिहालेभने पनि आएको पैसा तलमाथि पार्न नपाइने एक महिलाले बताइन् । कहिलेकाहिँ त किन जान्ने भएको खुब बेचैया बन्दिरहिछे भनेर पिटाइं खान पनि सकिन्छ उनले भनिन् । कुनै कुनै घरमा महिलाले पेवाको रुपमा आफ्नै कमाईले वाखा कुखुरा पाल्ने र त्यसवाट आएको पैसा पनि आँफैले राख्ने गरेको पाईयो ।

## ६.२.६ जग्गाजमिन किनवेचमा हुने निर्णय

यस अध्ययन क्षेत्रका सार्की समुदायमा जग्गा किनवेच गर्ने गर्नुभएको छ कि छैन भनेर सोधिएको प्रश्नमा १२ घरमा जग्गाजमिन नै किनवेच नभएको भेटियो भने १३ घरमा किनवेच भएको भए पनि महिलाको निर्णयमा जम्मा १ घरमा मात्र जग्गा किनीएको र १२ घरमा पुरुषको निर्णयमा नै जग्गा किनीएको पाईयो । यहाँको सार्की महिलाले जग्गाजमिन किनवेच सम्वन्धमा आफ्नो कुरा राख्दै नराख्ने वताउँछन् । यो उनीहरुको आफ्नो चासोको बिषय नै नठानेको पाईयो । यहाँका सार्कीहरुको प्रशस्त आयश्रोत नभएको र कमाएर खाँन मात्रै टपक्क पग्ने भएकोले जग्गाजमीन किनबेच नहने गरेको केहि उत्तरदाताले बताउँछन् भने केहीले जग्गाजमिन किनबेचमा आइमाई मान्छेको कुरा सुन्न नहुने तर्क राख्दछन्

किनकि उनीहरुसँग जग्गाकिनबेच सम्बन्धमा केही बुद्धि नै हुँदैन । अध्ययन क्षेत्रमा जम्मा एक घरमा मात्रै जग्गाकिनबेचमा महिलाको निर्णय रहेको पाईयो । त्यस घरमा श्रीमान बिदेश गएको र धेरै समय विदेशमा नै बिताएकोले आफुलाई केहि थाहा नहुने र जग्गा किनबेच सम्बन्धमा श्रीमतीसँग नै निर्णय लिने गरेको बताए ।

### ६.२.७ पैसा लेनदेनमा हुने निर्णय

घरमा हुने लेनदेन सरसापटमा महिला पुरुषहरुमा रहेको निर्णय प्रक्रियाको स्थितिले पनि उनीहरुको सामाजिक आर्थिक स्थिति पत्ता लगाउन सहयोग पुग्दछ । अध्ययन क्षेत्रका सार्कीहरुको पैसा लेनदेनमा हुने निर्णय तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २३: पैसा लेनदेनमा हुने निर्णय

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ५ | २१.७३ |
| पुरुष | १६ | ६९.५६ |
| दुवै | २ | ८.६९ |
| जम्मा | २३* | १०० |

*दुई घरमा पैसा लेनदेन नै नभएकोले तालिकामा समावेश नगरिएको

श्रोत: स्थलगत सर्वेक्षण,२०६८

अध्ययन क्षेत्रका पच्चीस घरपरिवारमध्ये दुई घरमा पैसा लेनदेन नै नहुने गरेको पाईयो । आफुसँग प्रशस्त पैसा नहुने गरेको र अरुले पनि माग्दा खेरी नपत्याउने भएकोले आज काम गरेर ल्यायो आजै खायो ,पैसा लेनदेन त हुँदैहुँदैन भन्ने उत्तर दिए यी दुई घरमा घरमुलीले । २१.७३ प्रतिशत महिलाले सरसापट लेनदेनको कारोवार आँफै गर्दछन् । यसरी हुने कारोवारमा महिलाको महिलासँग मात्रै र पुरुषको पुरुषसँग मात्रै हुने गरेको भेटियो । आफुआफुमा सरसापट गर्दा सजिलो हुने, काममा पनि सँगै गइने र हरवखत सँगै भइने भएकाले आफनै साथीसँग लेनदेन भएको बताउँछिन धनमाया । त्यस्तै यस्ता लेनदेनका कारोवारहरु ६९.५६ प्रतिशत पुरुषवाट हुने गर्दछ । दुवैको सरसल्लाहमा जम्मा ८.६९ प्रतिशत मात्रै हुने गर्दछ । यसले आर्थिक महत्वको बिषयमा महिलाहरुको निर्णय स्थिति कमजोर रहेको प्रष्ट्याउँछ ।

तर पुरुषहरुको अनुपस्थिति र आफुभन्ला माथिल्लो सामाजिक हैसियत भएको महिला शारिरीक रुपमा कमजोर भएमा तल्लो सामाजिक हैसियत भएका (बुहारी) को घरायासी निर्णय गर्ने प्रक्रियामा सहभागिता र भुमिका महत्व हुने गरेको पाइयो जसलाई घटना अध्ययन ५ ले स्पष्ट पार्दछ ।

***घटना ५:***

*माकुरी नेपाली हाल ५५ वर्षकी भइन् । उनका २५ वर्ष र २२ वर्षका दुई छोरा छन् । उनीहरू पनि विदेश गएर छुट्टिएर बसिसकेका छन् । उनका श्रीमान साउदीमा गएका बखत कारखानामा काम गर्दा दुर्घटनामा परेर देब्रे खुट्टा गुमाएर विदेशवाट घर फर्किएको चार वर्ष जति भयो । उनी घरैमा बसेर डोको नाम्लो बन्छन् । ७५ वर्षीय सासु उनीसँगै बस्छिन् । घरमा हुने विभिन्न काममा कसले निर्णय गर्छ भन्ने प्रश्नमा उनले भनीन्-घरको कामकाज खेतीपातीको काम घरका जहानको हेरचाह मैले नै गर्नुपर्छ । श्रीमान यताउता गन नसकेपनि घरमा बसेर खाना पकाउने, विस्कुन सुकाउने जस्ता कामहरू गर्नुहुन्छ म बाहिरको काम गाईवस्तु हेर्ने, घाँस काट्ने, कहिलेकाहिँ भ्याउँदा निमेकमा गएर पनि २-४ पैसा कमाएर ल्याउँछु त्यसैबाट घर चलाउँछु ! घरमा बाखा पाठा, पाडो र कुखुरो समेत पालेकी माकुरी वस्तुभाउ किनबेच, सरसापट लेनदेन सवैमा उनकै निर्णय सर्वोपरी रहन्छ । उनले विगत सम्झँदै भन्छिन् श्रीमान विदेशिनु अघि सवै श्रीमानको हैकम चल्दथ्यो । भर्खर विहे गरेर आउँदा सासु-ससुराको विश्वास लिन सारै गारो हुन्थ्यो । निमेकमा गएर कमाएर ल्याएको पैसा पनि एक रुपिया तलमाथि नपारी बुझाउनुपर्थ्यो, भोक लागेको बेला भान्सामा पसेर केहि खाउँ भन्न पाईदैनथ्यो । यो निर्णय चलखेल भन्ने कुरा सबै  उमेर र पैसाको खेल रहेछ । ससुराको मृत्युपछि सासु शक्तिशाली भइन । त्यसपछि श्रीमानको पालो आयो अब त उनी पनि अशक्त भए अहिले सवै जिम्मेवारी माकुरीको काँधमा थपिएको छ ।*

### ६.२.८ बच्चा स्कुल पठाउने कुरामा हुने निर्णय

वच्चावच्ची स्कुल पठाउने या नपठाउने भन्ने कुराको निर्णयमा यस अध्ययन क्षेत्रका सार्की महिला पुरुषहरुकोनिर्णय के कस्तो रहेको छ भन्ने तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २४: बच्चा स्कुल पठाउने कुरामा हुने निर्णय

| **निर्णयकर्ता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| बावु | १६ | ६६.६६ |
| आमा | ५ | २०.८३ |
| दुवै | ३ | १२.५ |
| जम्मा | २४* | १०० |

*एक बच्चा बच्ची नै नभएकोले तालिकामा समावेश नगरिएको

श्रोतः स्थलगत सर्वेक्षण,२०६८

यस अध्ययन क्षेत्रका सार्की समुदायमा पच्चीस घरपरिवारमध्ये एक घरपरिवारमा मात्रै बच्चालाई स्कुल नपठाएको पाईयो भने अरु २४ घरपरिवारमा वच्चालाई स्कुल पठाउने गरेको पाइयो । यहाँका सार्की बच्चाहरुलाई स्कुल पठाउँदा प्रोत्साहन स्वरुप पैसा समेत पाईने हुनाले पनि सवैजसो बालवालिका विद्यालय शिक्षावाट वन्चित छैनन् । वच्चालाई स्कुल पठाउने या नपठाउने भन्ने निर्णयमा पनि वावुको नै वोलवाला रहेको पाईयो । जुन घरमा बाबु विदेश छन या बाबु नै छैनन् उक्त घरमा मात्रै आमाको निर्णयमा वच्चालाई स्कुल पठाएको पाईयो । १२.५ प्रतिशतले वच्चालाई स्कुल पठाउनमा आमा वावु दुवैका निणर्य हुने गरेको पाइयो ।

# अध्याय सात

## निष्कर्ष

यो अनुसन्धान लैंगिक दृष्टिकोणबाट घरायासी निर्णय प्रक्रियामा महिला र पुरुषवीचको सम्वन्धलाई ब्याख्या गरिएको छ । लैंगिक शब्दले न महिलालाई वुझाउँदछ न पुरुषलाई नै वरु महिला र पुरुषको सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक कामहरुको सम्वन्धलाई जोड दिन्छ (Bhasin-2001, Brydon and Chant-1989, Agrawal-1994) । यो अनुसन्धानमा नेपालको पश्चिमी पहाडी क्षेत्रमा अवस्थित घैयार गाउँमा बस्ने सार्की जातिका महिलाहरुको घरायासी कामकाजमा गरिने निर्णयमा तिनीहरुको स्थिती तथा भूमिकालाई अध्ययन गरिएको छ । यो अनुसन्धान मुख्यतया दुईवटा उद्देश्यमा केन्द्रित थियो । पहिलो उद्देश्य अन्तर्गत पुरुष र महिलाको घरायासी निर्णय गर्ने क्षेत्रलाई केलाउने थियो भने दोस्रो सार्की जातिमा छोरी, वुहारी र सासु जस्तो भिन्न-भिन्न पदमा रहेका महिलाहरुको घरपरिवारभित्रका निर्णय प्रक्रियामा के कस्तो स्थिति छ, भन्ने कुरालाइ बुझ्नु रहेको थियो ।

यो अध्ययन पर्वत जिल्लाअन्तर्गत पर्ने घैयार गाउँमा बसोबास गर्ने पच्चीस घरधुरी सार्की जातिमा केन्द्रित भएर गरिएको थियो । तथ्यांकहरुको संकलन प्राथमिक र द्वितीइ स्रोतबाट गरिएको थियो । तथ्यांकहरु गुणात्मक र मात्रात्मक दुबै किसिमका प्रयोग गरिएका थिए । प्राथमिक तथ्यांकहरु घरधुरी सर्वेक्षण, अन्तर्वार्ता अबलोकन र सामुहिक छलफलबाट संकलन गरिएको थियो ।

यो समाज पितृसत्तात्मक भएको हुँदा घरभित्रका विभिन्न कार्यहरुको निर्णय गर्ने कुरामा पुरुषको हैसियत उच्च रहेको रहेको पाइयो । घरगृहस्थी चलाउने सन्दर्भमा पुरुषको तुलनामा महिलाहरु वढी समय काममा खट्ने गर्दछन् तर त्यसको प्रतिफल स्वरुप आर्थिक नगद आय उनीहरुको नियन्त्रणमा हुदैन र आर्थिक परिचालन गराउने कुरामा पनि उनीहरुको निर्णय एकदमै कम छ । घरपरिवार सञ्चालनको प्रक्रियाको निर्णयमा पनि पुरुषको नै वोलवाला रहन्छ ।

यो जातिमा आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक सम्पुर्ण क्षेत्रहरुमा पुरुषको हैसियत महिलाको भन्दा उच्च रहेको छ । खेतजग्गा किन्ने, वस्तुभाउ किनवेच गर्ने, वन्दव्यापारमा लगानी गर्ने जस्ता अनेकौं क्रियाकलापमा पुरुषको निर्णय सर्वोपरि रहन्छ जवकि यस्ता कार्यमा महिलाहरुको सहभागिता वढी रहेको छ । यसको मुख्य कारण पनि यस जातिभित्रको सामाजिक मुल्य मान्यताले गर्दा नै हो भन्न सकिन्छ जहाँ महिलाहरुको भन्दा पुरुषहरुको महत्व बढी छ । प्राप्त तथ्यांकले के देखाउँछ भने यस भेगका महिलाहरु पनि आर्थिक तथा सामाजिक पक्षका बिशिष्ट निर्णय लिनुपर्दा पुरुषमा नै निर्भर रहने गरेको पाइयो । उदाहरणको लागि जग्गा जमिनको किनबेच, अन्नको किनबेच, ऋण सापटी, छोरा छोरीको विबाहमा पुरुषहरुले निर्णय गरेको देखिन्छ भने मरमसाला किन्ने, रक्सीहरुको किनबेचमा महिलाहरुको सहभागिता उच्च रहेको पाइयो ।

यो अनुसान्धानमा महिलामहिला बिचमा पनि निर्णय गर्ने प्रक्रियामा फरकफरक हुँदोरहेछ । जस्तै सासु, बुहारी र छोरीको सामाजिक हैसियत र घरेलु निर्णय प्रक्रियामा उनीहरुको भूमिका फरकफरक पाइयो । सासुको सामाजिक स्थान बुहारीको भन्दा उच्च देखिन्छ जुन उच्च जातिका महिलाहरुमा पनि रहेको छ (बेनेट सन् १९८१) । जस्तै खाना खाँदा बुहारीले ढिलो खाने, बुहारीलाई तालाचाबी नदिने गरेको घटनाहरुले बताउँछ । त्यसै गरी सामाजिक संरचनाभित्र एकै सामाजिक हैसियत भएतापनि शिक्षा, आर्थिक आत्मनिर्भर र पारिवारिक संरचनाले पनि निर्णय गर्ने प्रक्रियामा पनि प्रभाव पार्दोरहेछ भन्ने यस अध्ययनले देखाउँछ । जस्तै एकल परिवारको भन्दा संयुक्त परिवारका महिलाको हैसियत न्युन रहेको देखिन्छ । अशिक्षित महिला भन्दा शिक्षित महिलाको सामाजिक हैसियत उच्च पाइयो । यसले के स्पष्ट पार्दछ भने पारिवारिक संरचनामा आएको परिबर्तन, शिक्षामा आएको परिबर्तन र आर्थिक स्वावलम्बनले महिलाको घरभित्रको सामाजिक हैसियतमा प्रभाव पार्दोरहेछ साथै निर्णय गर्ने प्रक्रियामा पनि परिबर्तन ल्याउँदोरहेछ ।

# सन्दर्भ सामाग्री


आचार्य भानुभक्त, (१९१९) । *बधुशिक्षा* । भारत जीबन यन्त्रालय, बाराणसी ।

न्यौपाने, गोविन्द (२०००) *नेपालको जातिय प्रश्न,* centre for Development studies Nepal

पोखरेल, वालकृष्ण (२०५५) । *खस जातिको इतिहास* । उदात्त अनुसन्धान अड्डी, विराटनगर ।

पोखरेल वालकृष्ण (२०४०) । *नेपाली वृहत शव्दकोश* । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौ ।

पौडेल, विणा (२०६७) । *विविध आयाममा नेपाली महिला* । पैरवी वुक हाउस काठमाडौ ।

प्रश्रित, मोदनाथ (२०५८) । *मानवताको कलंक जातपात र छुवाछुत प्रथा* । किरण पुस्तकालय, तम्घास गुल्मी ।

बराल, वासु (२०५०) । *हिन्दु सामाजिक संगठनको प्रारुप* । साभ्ता प्रकाशन, ललितपुर ।

विश्वकर्मा, पदमलाल (२०५९) । *नेपालका दलित र मानवअधिकार* । मानव अधिकार केन्द्र, काठमाडौ ।

सुवेदी, प्रतिभा (२०४८) । *विविध पक्षमा नेपाली नारी* । नारी चेतना केन्द्र, नेपाल ।

सुवेदी, प्रतिभा (२०५९) । *महिला पुरुष समविकासको आधार* । नारी चेतना केन्द्र, नेपाल ।

शर्मा, वालकृष्ण (२००८) । *नेपालको ऐतिहासिक रुपरेखा* । कृष्णकुमारी देवी, वाराणसी ।

Acharya, M. (2007). *Gender Equality and Empowerment of Women*. UNFPA, Nepal

Acharya, M. and L. Bennett (1983). *Women and The Subsistence Sector: Economic Participation and Household Decision Making in Nepal*. A Report submitted to The World Bank, Washington D.C.

Agrawal B. 1996. *A Field of Ones Own: Gender and Land Rights in South Asia*. Cambridge University Press, New York

Bennett , L. (1983). *Dangerous Wives and Sacred Sisters: Social and Symbolic Roles of High Cast Women in Nepal*. Columbia University Press, New York

Bhasin, K. (1993). What is patriarchy? Kali for Women, New Delhi.

Bhasin, K. (2001). *Understanding Gender*. Kali for Women, New Delhi.

Bista, D. B. (1996). *People of Nepal*. Ratna Pustak Bhandar, Kathmandu.

Caplan, A. P. (1972). *Priest and Cobbler*: A *Social Change in a Hindu Village in Western Nepal*. Intertext Books, London.

CBS 2012. *National Population and Housing Census 2011(National Report).* Central Bureau of Statistics, Government of Nepal, Kathmandu, Nepal.

Fricke, T. 1986. *Himalayan Households: Tamang Demography and Domestic Processes*. UMI Research Press, Ann Arbor, Michigan.

Ghimire, D. (1977). *Women and Development*. CEDA, T.U .

Hofer, A. (1979). *The Caste and Hierarchy and state in Nepal: A Study of the Muluki Ain of 1954*. Universitatsverlag Wagner Innsbruck, Munich.

Holmberg, D. 2007. Outcastes in An "Egalitarian" Society: Tamang/Blacksmith Relation from Tamang Perspective", in *Occasional Papers in Sociology and Anthropology* 10:124-140.

Luitel, S. (1992). *Women and Development*. B. P. Luitel, Kathmandu.

Lynne Brydon and S. Chant . (1989). *Women in The Third World: Gender Issue in Rural and Urban Areas*. Edward Elgar Publishing Limited, England.

Majupuria, I. (2007). *Nepalese Women.* Tecpress Books, Bankok.

March, K S. (1983). Weaving, Writing and Gender", in *Man*: 18(4): 729-744.

Nepali G. S.1965. *The Newar*: *An Ethno-Sociological Study of A Himalayan Community*. United Asia Publication, Bombay.

Seddon, D. (1987). *Nepal: A State of Poverty*. Vikas publishing House, New Delhi.

Sharma P. R. (1977). “Caste Social Mobility and Sanskritization: A study of Nepals’

Old Legal Code", *Kailash* 5(4):277-300.

Shrestha, S. L. (1994). *Gender Sensitive Planning: What, Why in Nepal*. Women Awareness Centre. Kathmandu, Nepal.

# परिशिष्ट १

## घरधुरी सर्वेक्षणका लागि तयार पारिएको प्रश्नपत्र

वडा नं ...........                                                                                    टोल ............

गा.वि.स ............

१)घरधुरी संख्या ............                                                                        धर्म ............

घरमुलिको नाम ..........................

२) उत्तरदाताको पुरा नाम .........................

| क.सं | सदस्यको नाम | लिङ्ग | | घरमूलीसँ गको नाता | उमेर | पेशा | | वैवाहिक अवस्था | | शिक्षा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पूरुष | | | मूख्य | सहायक | अविव ाहित | विवाहित | |
| | | | | | | | | | | |

३) पारिवारिक विवरण :

४) तपाईको घरको आम्दानीको मुख्य पेशा के हो ?

क) कृषि ( )                                    ख) ज्यालादारी ( )

ग) वैदेशिक रोजगार ( )                        ग) व्यवसाय ( )

घ) अन्य ( )

५) तपाईको परिवारको स्वामित्वमा कति जग्गा जमिन रहेको छ ?

.............................................................................................

६) उक्त जमिन कसको स्वामित्वमा छ ?

पुरुष ( )　　　　　　महिला ( )

७) जग्गा किनवेच गर्नु भएको छ कि छैन ? ............ छ भने कसको निर्णयमा ?

पुरुष ( )　　महिला ( )　दुवै ( )

८) तपाइँको परिवारलाई आफ्नो खेतीवाट उव्जाउ अन्नले वर्षभरि खान पुग्छ ?

पुग्छ ( )　　　　पुग्दैन ( )　　　　बढी हुन्छ ( )

पुग्दैन भने कति महिना　................... र कसरी वर्षभरिलाई पुऱ्याउनुहुन्छ?

................

९) तपाईंको परिवारमा रहेको जमिनवाट अन्न उत्पादन गर्ने कार्य कसले गर्छ ?

पुरुष ( )　　महिला ( )　दुवै ( )

१०) तपाइँको परिवारमा अन्न उत्पादन गर्ने कार्यमा कसले निर्णय गर्छ ?

पुरुष ( )　महिला ( )　दुवै　( )

११) तपाइको घरमा वस्तभाउ पाल्नुभएको छ ?

छ ( )　　छैन ( )

१२) के- के पाल्नुभएको छ ?

गाई( )　　भैंसी ( )　　गोरु ( )　　वाखा ( )　　अन्य ( )

१३) परिवारमा पशुपालनको गर्नको लागि कसले निर्णय गर्छ ?

पुरुष ( )　　महिला ( )　दुवै ( )

१४) तपाइँको परिवारमा पशुपालनमा हेरचाह कसले गर्छ ?

बाबु( ) आमा ( ) छोरा ( ) छोरी ( ) बाबुआमा दुवै ( )

छोराछोरी दुवै ( ) अन्य …………

१५) तपाइँको घरमा के कस्ता वस्तुहरु उत्पादन हुन्छन् ?

अनाज ( ) दुध ( ) तरकारी ( ) फलफुल ( )
अण्डा ( )

अन्य ( )

१६) माथिका वस्तुहरु विक्री गर्नुहुन्छ कि हुदैन ?

………… …………

१७) यदि गर्नुहुन्छ भने कुनकुन वस्तुमा कसकसको निर्णय रहन्छ ?
………………………………………………………………………………………………………
……………………

१८) तपाईको घरको सरसफाईमा परिवारको सदस्यमध्ये को वढी संलग्न हुनुहुन्छ ?

बाबु( ) आमा ( ) छोरा ( ) छोरी ( ) बाबुआमा दुवै ( )

छोराछोरी दुवै ( ) अन्य …………

१९) खाना बनाउने काममा को सलग्न रहन्छ ?

बाबु( ) आमा ( ) छोरा ( ) छोरी ( ) अन्य ( )

२०) तपाइहरुले के कस्ता चाडपर्वहरु मनाउनु हुन्छ ?

…………………

२१) यी चाडपर्व मनाउँदा आवश्यक सरसामानको जोरजाम कसले गर्छ ?

पुरुष ( ) महिला ( ) दुवै ( )

२२) तपाइँको परिवारमा कसैलाई रोग लाग्यो वा विरामी पर्नुभयो भने कुन तरिकावाट उपचार गर्नुहुन्छ ?

धामीझाँक्री ( ) जडिबुटी ( ) डाक्टर ( )

२३ यी औषधीउपचारको सम्वन्धमा कसको निर्णय लिने गर्नुहुन्छ ?

बाबु( ) आमा ( ) छोरा ( ) छोरी ( ) अन्य ( )

२४) तपाइँको परिवारमा वहुविवाह प्रचलन रहेको छ की छैन ?

छ ( ) छैन ( )

२५) यदि छ भने कसले र किन गरेको हो ?

..... ..... ..............

२६) वच्चा कति जन्माउने भन्ने कुरामा कसले निर्णय गर्छ ?

पुरुष ( ) महिला ( ) दुवै ( )

२७) तपाईको घरमा बच्चाको स्याहार कसले गर्दछ ?

पुरुष ( ) महिला ( ) दुवै ( )

२८) तपाईले सबै छोराछोरीलाई स्कुल पठाउनु भएको छ ?

छ ( ) छैन ( )

२९) छैन भने किन नपठाउनुभएको हो ?

...................

३०) के तपाइँलाई छोराछोरी एउटै हो जस्तो लाग्छ ?

लाग्छ ( ) लाग्दैन ( )

३१) तपाईको परिवारमा छोराछोरीको पढाई खर्चमा कसले निर्णय लिने गर्छ ?

पुरुष ( ) महिला ( ) दुवै ( )

३२) तपाईको परिवारमा छोराछोरीको विवाह गर्नको लागि कसले निर्णय गर्छ ?

वावु ( ) आमा ( ) छोरा आफै ( ) छोरी आफै ( )

दुवै महिला पुरुष सदस्यहरु ( )

३३) तपाइँको घरमा तलका वस्तुहरु के के छन् ?

रेडियो ( ) टेलिभिजन ( ) विद्युत ( ) अन्य ( )

३४) माथिका सामानहरु तपाईसँग छन् भने ति सामान किन्नको लागि कसको निर्णय लिने गरिन्छ?

पुरुष ( ) महिला ( ) दुवै ( )

३५) तपाई मदिरा पिउनुहुन्छ ?

पिउँछु ( ) पिउँदिन ( )

३६) तपाईकहाँ रक्सी बनाउने चलन छ कि छैन ?

छ ( ) छैन ( )

३७) रक्सी घरमा खानको लागि मात्र बनाउनु हुन्छ कि बेच्नु पनि हुन्छ ?

खानको लागि मात्र ( ) वेच्न पनि ( )

३८) वेचेर आएको आम्दानी वा पैसा कसले लिने गर्दछ ?

पुरुष ( ) महिला ( ) दुवै ( )

३९) तपाईको परिवारमा नुन तेल मरमसला जस्ता खीच्रीमीच्री सामान खरिद गर्नुपर्‍यो भने कसले गर्छ ?

पुरुष ( ) महिला ( ) दुवै ( )

४०)घरमा भएको अन्य आम्दानी वा पैसा कसले लिने गर्दछ?

पुरुष ( )  महिला ( )  दुवै ( )

४१) तपाईको परिवारवाट कसैलाई पैसा लिनु/दिनु भएको छ?

छ ( )  छैन ( )

४२) यदि छ भने कसको निर्णय ?

पुरुष ( )  महिला ( )  दुवै ( )

## सामुहिक छलफलका लागि प्रश्नावलीहरु

१ ) तपाइँको समाजमा दलित महिलाहरु पछि पर्नुको कारणहरु के हुन जस्तो लाग्छ?

२) तपाईको समाजका महिलाहरुको सामाजिक आर्थिक अवस्था बारे केहि भन्नु छ?

३ )तपाईको समाजमा महिलाहरुले पुरुषहरुबाट के कत्तिको सहयोग पाउनु भएको छ?

४) तपाईंको समुदायमा घरायासी कामको सीलसीलामा महिलाले के गर्न हुने? के गर्न नहुने ?पुरुषले के गर्न हुने या नहुने ? भन्ने वारेमा के कस्ता सांस्कृतिक मान्यताहरु रहेका छन?

५) छोरी, वुहारी, सासु जस्तो छुट्टाछुट्टै नाता सम्वन्धमा रहँदा घरायासी निर्णय प्रक्रियामा कसको कस्तो भूमिका रहन्छ जस्तो लाग्छ ? किन ?

# परिशिष्ट २

## फोटोहरु



चित्र एक: घैयार समाज



चित्र दुईः अनुसन्धानकर्ता संयुक्त परिवार सदस्यसँग छलफल गर्दै



चित्र तीनः अनुसन्धानकर्ता अन्तर्वार्ता लिँदै



चित्र चारः डोको बुन्दै एक सार्की बृद्ध



चित्र पाँचः घैयार गाउको एक घर



चित्र छः अनुसन्धानकर्ता उत्तरदातासँग